# प्राथमिक तहमा सिर्जनात्मक कला विषयको पाठ्यक्रम कार्यान्वयनको विश्लेषण

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय, स्नातकोत्तर तह
पाठ्यक्रम तथा मूल्याङ्कन विषयको आंशिक आवश्यकता
परिपूर्तिका लागि प्रस्तुत

**शोधपत्र**


प्रस्तुतकर्ता
**शंकर श्रेष्ठ**
परीक्षा रोल नं. : २१८०१५४/२०६६
त्रिवि दर्ता नं. : १८६९३-९३
जनता बहुमुखी क्याम्पस
इटहरी, सुनसरी

२०७१

त्रि.वि. दर्ता नं. : १८६९३-९३ द्वितीय वर्षको रोल नं. : २१८०१५४/२०६६
शोधपत्र बुझाएको मिति : २०७१/०४/०१ Viva मिति :
क्याम्पस रोल नं. : ३४

**त्रिभुवन विश्वविद्यालय**

**जनता बहुमुखी क्याम्पस**

इटहरी, सुनसरी

फोन नं. ०२५-५८००६४

०२५-५८१३००


प.सं.

च.नं.

## सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय अन्तर्गत जनता बहुमुखी क्याम्पस, इटहरीबाट स्नातकोत्तर द्वितीय वर्षको पाठ्यक्रम तथा मूल्याङ्कन मूल विषयको आंशिक आवश्यकता पूरा गर्नका लागि शंकर श्रेष्ठद्वारा प्रस्तुत **प्राथमिक तहमा सिर्जनात्मक कला विषयको पाठ्यक्रम कार्यान्वयनको विश्लेषण** शीर्षकको शोधपत्र मेरो निर्देशनमा रही तयार पार्नुभएको हो । उहाँको यस शोधपत्र लेखनप्रति म सन्तुष्ट भएकाले आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

..........................

**शान्तिराम दाहाल**

शोध निर्देशक

मिति : २०७१/०९/

**त्रिभुवन विश्वविद्यालय**

**जनता बहुमुखी क्याम्पस**

इटहरी, सुनसरी

फोन नं. ०२५-५८००६४

०२५-५८१३००


मिति : २०७१/

प.सं.

च.नं.

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय अन्तर्गत जनता बहुमुखी क्याम्पस, इटहरीबाट स्नातकोत्तर द्वितीय वर्षको पाठ्यक्रम तथा मूल्याङ्कन मूल विषयको आंशिक आवश्यकता पूरा गर्नका लागि शंकर श्रेष्ठद्वारा प्रस्तुत **प्राथमिक तहमा सिर्जनात्मक कला विषयको पाठ्यक्रम कार्यान्वयनको विश्लेषण** शीर्षकको शोधपत्र स्वीकृतिका लागि प्रस्तुत गर्नु भएकाले यो शोत्रपत्र मूल्याङ्कन समितिबाट स्वीकृत गरिएको छ ।

शोधपत्र मूल्याङ्कन समिति

हस्ताक्षर

१. टोलनाथ काफ्ले

उपप्राध्यापक

विभागीय प्रमुख पाठ्यक्रम तथा मूल्याङ्कन ......................

२. शान्तिराम दाहाल

उपप्राध्यापक

(शोध निर्देशक) ......................

३. प्रा. ..............................................

त्रि.वि. कीर्तिपुर, काठमाडौं

(बाह्य परीक्षक) ......................

# कृतज्ञता ज्ञापन

त्रिभुवन विश्वविद्यालय, जनता बहुमुखी क्याम्पस, शिक्षाशास्त्र सङ्काय अन्तर्गत पाठ्यक्रम तथा मूल्याङ्कन विभाग, स्नातकोत्तर तह (एम.एड.) द्वितीय वर्षको आंशिक आवश्यकता पूर्तिका लागि तयार पारिएको प्रस्तुत शोधपत्र प्राथमिक तहमा सिर्जनात्मक कला विषयको पाठ्यक्रम कार्यान्वयनको विश्लेषणसँग सम्बन्धित छ । विशेष गरी यो अध्ययन प्रतिवेदन तयारीका लागि आवश्यक पथप्रदर्शन गरी प्रस्तावना स्वीकृत गरिदिने तथा शोध निर्देशन गरिदिने सो विभागका उपप्राध्यापक श्री शान्तिराम दाहालज्यूप्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु । त्यसै गरी आवश्यक सल्लाह तथा सुझाव दिई अध्ययनलाई पूर्ण बनाउन सहयोग गर्ने शिक्षाशास्त्र सङ्कायका प्रमुख उपप्राध्यापक टोलनाथ काफ्ले, क्याम्पस प्रमुख नारदप्रसाद उप्रेती लगायत क्याम्पस परिवारप्रति म ऋणी छु ।

यस शोध अध्ययनका लागि आवश्यक तथ्याङ्क सङ्कलनमा सहयोग पुऱ्याउने भानुजन उच्च मा.वि. फुङलिङ स्रोतकेन्द्रका स्रोतव्यक्ति रामकृपाल महतो, विद्यालय निरीक्षक देवनारायण चौधरी, भानुजन उच्च मा.वि.का प्राचार्य मातृकाप्रसाद भट्टराई, सिद्धकाली उच्च मा.वि., महेन्द्र नि.मा.वि., मेवाराजा नि.मा.वि., बालमन्दिर प्रा.वि. र चारपाटे प्रा.वि.का प्राचार्य/प्रधानाध्यापकज्यूहरूप्रति पनि हार्दिक आभार व्यक्त गर्दछु ।

प्रस्तुत अध्ययन कार्यमा प्रत्यक्ष वा परोक्ष रूपमा सहयोग पुऱ्याउनु हुने सम्पूर्ण महानुभावहरूलाई हृदयदेखि नै हार्दिक धन्यवाद दिन चाहन्छु ।

**शंकर श्रेष्ठ**

# शोधसार

प्रस्तुत शोध अनुसन्धान प्राथमिक तहमा सिर्जनात्मक कला विषयको पाठ्यक्रम कार्यान्वयनको विश्लेषणसँग सम्बन्धित छ । सिर्जनात्मक कला विषयको पाठ्यक्रम कार्यान्वयनको विश्लेषण गर्नु र उक्त विषयको पाठ्यक्रम कार्यान्वयनमा देखिएका समस्याहरू पहिचान गर्नु यस शोध अनुसन्धानका उद्देश्य रहेका छन् । यो अध्ययन ताप्लेजुङ जिल्लाका दुई वटा गा.वि.स.हरू (दोखु र फुङलिङ) का दुई दुई वटा प्रा.वि., नि.मा.वि. र उ.मा.वि.मा सीमित रहेको छ । सिर्जनात्मक कला विषय अन्तर्गत नृत्य, गायन, बादन र हस्तकला क्षेत्रमा मात्र यो अध्ययन सीमित रहेको छ । सिर्जनात्मक कला विषय शिक्षणबाट बालबालिकाहरूमा रहेको पीर, दुःख, तनाब आदिबाट मुक्त राखी प्रभावकारी शिक्षणमा मदत पुग्दछ । बालबालिकाहरूलाई आफ्नो कला, संस्कृतिप्रति अभिरुचि जगाइ यसको संरक्षण र सम्बर्धनमा टेवा पुऱ्याउँछ । बालबालिकाको सिर्जनात्मक क्षमताको विकास गराई अन्तर्निहित क्षमता प्रस्फुटन गराउन सहयोग गर्दछ । साथै फुर्सदको समय सही सदुपयोगमा समेत मदत पुऱ्याउँछ ।

प्रस्तुत शोध अनुसन्धानका लागि ताप्लेजुङ जिल्लाको भानुजन उच्च मा.वि. स्रोतकेन्द्र अन्तर्गतका ६ वटा विद्यालयहरूलाई नमुना विद्यालयको रूपमा छनोट गरिएको छ । ती विद्यालयका प्र.अ., शिक्षक, सम्बन्धित स्रोतकेन्द्रका स्रोतव्यक्ति र वि.नि.हरू यस अध्ययनको जनसङ्ख्या रहेका छन् । प्रस्तुत अनुसन्धानका लागि गुणात्मक र परिमाणात्मक दुवै ढाँचा अवलम्बन गरिएको छ । अनुसन्धानका लागि प्राथमिक तथा द्वितीय दुवै तथ्याङ्कहरूको उपयोग गरिएको छ ।

विद्यालयहरूमा सिर्जनात्मक कला विषयको पाठ्यक्रममा समाविष्ट विधाहरूको ज्ञान रहेका शिक्षकहरूको अभाव रहेको छ । उक्त विषयको पठनपाठन गर्ने शिक्षकहरूलाई तालिमको पनि अभाव रहेको छ । उनीहरूको प्राज्ञिक पृष्ठभूमि अपर्याप्त रहेको छ । यस विषयको पाठ्यक्रमलाई थप व्यावहारिक र समयानुकूल बनाउँदै पाठ्यपुस्तकको समेत व्यवस्था गरिएको छ । पाठ्यक्रमले निर्धारण गरेका सिकाइउपलब्धिहरू विद्यार्थीमा हासिल हुने गरी विद्यालयहरूमा सिर्जनात्मक कला विषयको पठनपाठन गर्नुपर्ने देखिन्छ । विद्यालयहरूमा सिर्जनात्मक कला विषयको पाठ्यक्रममा समाविष्ट विधाहरूको ज्ञान तथा सीप भएका शिक्षकहरू नियुक्त गर्नुपर्ने देखिन्छ । सिर्जनात्मक कला विषयको पठनपाठनका लागि राष्ट्रिय, जिल्ला तथा स्थानीय स्तरमा शिक्षक तालिमहरूको आयोजना गर्नुपर्ने देखिन्छ । शिक्षकले अनिवार्य रूपमा आफूले शिक्षण गर्ने विषयको वार्षिक कार्ययोजना निर्माण र कार्यान्वयन गर्नुपर्दछ । शिक्षकले आफूले अध्यापन गर्ने विषयको दैनिक पाठनोट तयार गरी

सोअनुरूप शिक्षण गर्नुपर्दछ । स्रोतव्यक्ति तथा विद्यालय निरीक्षकहरूले विद्यालयको अनुगमन तथा निरीक्षण गरी शिक्षकहरूको पेसागत समस्याप्रति उत्तरदायी हुनुपर्दछ । शिक्षणमा बढीभन्दा बढी शैक्षणिक सामग्रीहरूको प्रयोग हुनुपर्दछ । विद्यालयमा म्युजिक सिस्टम हुनुपर्दछ । शिक्षकले पाठ्यक्रम र शिक्षक निर्देशिकाको प्रयोग गरी शिक्षण गर्नु पर्दछ । आवश्यक शैक्षिक सामग्री खरिदका निमित्त राज्यले आर्थिक अनुदान उपलब्ध गराउनु पर्दछ ।

# विषयसूची


| शीर्षक | पेज नं. |
|---|---|
| शीर्षक पेज | i |
| सिफारिस पत्र | ii |
| स्वीकृति पत्र | iii |
| कृतज्ञता ज्ञापन | iv |
| शोधसार | v |
| विषयसूची | vii |
| तालिकासूची | x |
| सङ्क्षिप्त शब्दावली | xi |

**परिच्छेद एक**

**परिचय**

| | |
|---|---|
| १.१. अध्ययनको पृष्ठभूमि | १ |
| १.१.१. अन्तर्राष्ट्रिय अभ्यास | ३ |
| १.१.२. नेपालको सन्दर्भमा सिर्जनात्मक कला पाठ्यक्रम | ४ |
| १.२. समस्याको कथन | ९ |
| १.३. अध्ययनको औचित्य | ९ |
| १.४. अध्ययनका उद्देश्य | १० |
| १.५. अनुसन्धान प्रश्नहरू | १० |
| १.६. अध्ययनको सीमितता | ११ |

**परिच्छेद दुई**

**अध्ययनको सैद्धान्तिक खाका र साहित्यको पुनरावलोकन**

| | |
|---|---|
| २.१. अध्ययनको सैद्धान्तिक खाका | १२ |
| २.२. सम्बन्धित साहित्यको पुनरावलोकन | १४ |
| २.३. शैक्षिक उपायदेयता | १७ |

## परिच्छेद तीन

## अध्ययन विधि


३.१. अनुसन्धान ढाँचा १९

३.२. जनसङ्ख्या १९

३.३. नमुना छनोट २०

३.३.१. नमुनाको आकार २०

३.३.२. नमुना छनोट विधि २०

३.३.३. नमुना छनोटको आधार २०

३.४. तथ्याङ्कका स्रोत २०

३.५. तथ्याङ्क सङ्कलनका साधनहरू २१

३.६. साधनको वैधता २१

३.७. तथ्याङ्क सङ्कलन प्रक्रिया २१


## परिच्छेद चार

## तथ्याङ्कको विश्लेषण र व्याख्या


४.१. सिर्जनात्मक कला विषयको पाठ्यक्रम कार्यान्वयनको अवस्था २२

४.१.१. दैनिक कार्यतालिकाको निर्माण २३

४.१.२. विषयगत शिक्षकको अवस्था २४

४.१.३. शिक्षक तालिमको अवस्था २५

४.१.४. योजना निर्माण २६

४.१.५. निरीक्षण तथा अनुगमन २८

४.१.६. शैक्षिक सामाग्रीको उपलब्धता र प्रयोग ३०

४.१.७. विषयगत शैक्षिक सामग्रीको उपलब्धता ३१

४.१.८. विद्यार्थी मूल्याङ्कन ३३

४.१.९. पाठ्यक्रम तथा शिक्षक निर्देशिकाको उपलब्धता र प्रयोग ३५

४.१.९.१. पाठ्यक्रमको उपलब्धता र प्रयोग ३५

४.१.९.२. शिक्षक निर्देशिकाको उपलब्धता र प्रयोग ३७

४.२. सिर्जनात्मक कला विषयको पाठ्यक्रम कार्यान्वयनमा देखिएका समस्याहरू ३८

४.२.१. तालिम सञ्चालन ३८

४.२.२. शिक्षकहरूको प्राज्ञिक पृष्ठभूमि ३९

४.२.३. शैक्षिक सामग्री निर्माण र प्रयोग ३९

४.२.४. पाठ्यक्रमको व्यावहारिक प्रयोगको अवस्था ३९

४.२.५. निरीक्षण तथा अनुगमन ४०

४.२.६. स्थानीय पाठ्यक्रमको अवस्था ४०

४.२.७. सम्बन्धित निकायको भूमिका ४०

४.३. विषयगत व्यावहारिकता ४१

४.३.१. शिक्षक तालिम र अनुभव ४१

४.३.२. शैक्षिक सामग्रीको निर्माण, सङ्कलन र व्यवस्थापन प्रक्रिया ४१

४.३.३. पाठ्यक्रमको व्यावहारिक प्रयोग ४२

४.३.४. पाठ्यक्रम प्रयोगमा शिक्षक तथा अन्य निकायहरूको भूमिका ४२

४.३.५. निरीक्षण तथा अनुगमन ४२

## परिच्छेद पाँच

## सार संक्षेप, निष्कर्ष र उपयोगिता

५.१. सार संक्षेप ४३

५.२. निष्कर्ष ४५

५.३. उपयोगिता ४७

सन्दर्भसूची

अनुसूचीहरू

# तालिकासूची


| | | |
|---|---|---|
| तालिका १ | : अनुसन्धानात्मक ढाँचा | १९ |
| तालिका २ | : दैनिक कार्यतालिका निर्माणको अवस्था | २३ |
| तालिका ३ | : विषयगत शिक्षकको अवस्था | २४ |
| तालिका ४ | : शिक्षक तालिमको अवस्था | २५ |
| तालिका ५ | : विद्यालयको योजना निर्माणको अवस्था | २७ |
| तालिका ६ | : शिक्षकको योजना निर्माणको अवस्था | २७ |
| तालिका ७ | : निरीक्षण तथा अनुगमन विवरण | २८ |
| तालिका ८ | : शैक्षिक सामग्रीको उपलब्धता एवम् प्रयोगको अवस्था | ३० |
| तालिका ९ | : विद्यालयमा प्रयोग गरिने शैक्षिक सामग्री विवरण | ३१ |
| तालिका १० | : उपलब्ध साधन र स्रोतहरूको अवस्था | ३२ |
| तालिका ११ | : विद्यार्थी मूल्याङ्कनसम्बन्धी विवरण | ३४ |
| तालिका १२ | : पाठ्यक्रमको उपलब्धता र प्रयोगको स्थिति | ३६ |
| तालिका १३ | : शिक्षक निर्देशिकाको उपलब्धता एवम् प्रयोगको अवस्था | ३७ |

# सङ्क्षिप्त शब्दको पूरा रूप

| | | |
|---|---|---|
| उ.मा.वि. | : | उच्च माध्यमिक विद्यालय |
| गा.वि.स. | : | गाउँ विकास समिति |
| नि.मा.वि. | : | निम्न माध्यमिक विद्यालय |
| प्र.अ. | : | प्रधानाध्यापक |
| प्रा.वि. | : | प्राथमिक विद्यालय |
| वि.नि. | : | विद्यालय निरीक्षक |
| सि.क. | : | सिर्जनात्मक कला |
| वि.व्य.स. | : | विद्यालय व्यवस्थापन समिति |

# परिच्छेद एक

# परिचय

## १.१. अध्ययनको पृष्ठभूमि

मानव सभ्यताको विकास शिक्षाकै माध्यमबाट क्रमबद्ध रूपमा हुन गएको मानिन्छ । वास्तवमा मानव जीवनका लागि शिक्षा एक आधारभूत आवश्यकता हो । समय क्रमसँगै आधुनिक युगमा आइपुग्दा शिक्षा आज सर्वव्यापी, जीवनपर्यन्त र मानवीय अधिकारका रूपमा स्थापित भएको छ । गुरुकुल प्रणालीबाट विकसित हुँदै व्यक्ति, समाज, राष्ट्र र अन्तर्राष्ट्रिय जगत्का जिम्मेवारीहरू शिक्षलाई नै सुम्पिएको पाइन्छ (शर्मा एन्ड शर्मा, २०६६) ।

आजको एक्काइसौँ शताब्दीमा आर्थिक विकासमा प्रतिस्पर्धा एवम् प्रजातान्त्रिक मूल्य मान्यता, मानवअधिकार, लैङ्गिक समानता, बाल अधिकार, पर्यावरण संरक्षण र सूचना प्रवाहको सर्वव्यापकताको युग बन्न पुगेको छ । तर हाम्रो देशमा विज्ञान र प्रविधिको सामर्थ्य तथा मानवीय संसाधनको विकासको अवस्था अझै कमजोर रहेको छ । शिक्षको सामाजिक सान्दर्भिकता, श्रमबजारसँग यसको सम्बन्ध तथा राष्ट्रिय आवश्यकता अनुरूप जनशक्ति तयार गर्नुपर्ने अवस्था हाम्रो देशका लागि चुनौतीका रूपमा रहेको छ । शिक्षा अझ पनि समाज र देशको आवश्यकता अनुकूल बन्न सकेको छैन । श्रमबजारसँग असम्बद्ध र अनुत्पादक जनशक्ति उत्पादन गर्ने शिक्षा स्वयम् बेरोजगारको स्रोत बन्न पुगेको महसुस गरिएको छ । राष्ट्रको आधुनिकीकरणका लागि सक्षम र दक्ष जनशक्ति आपूर्ति गर्ने सन्दर्भमा अझ पनि हाम्रो देश धेरै पछाडि परेको छ (वाग्ले र ढकाल, २०६९) ।

शिक्षालाई हामी सिकाइको संसारका रूपमा लिन सक्छौँ । आज शिक्षामा आधुनिक चिन्तनले प्रवेश पाइसकेको छ । एकातिर शिक्षालाई जन्मसिद्ध मानवअधिकार मानिएको छ भने अर्कातर्फ थुप्रै बालबालिकाहरू शिक्षाको उज्यालो घामबाट बञ्चित हुन पुगेका छन् । सर्वसुलभ शिक्षा, शिक्षामा समान अवसरका साथै खुला शिक्षा र खुला विश्वविद्यालयका कुरा निकै उरालिएका छन् । त्यस्तै व्यावसायिक शिक्षा, जीवनोपयोगी सीप, लैङ्गिक समानता, स्थानीय विषयवस्तु आदि आजका प्रमुख चासोका कुरा हुन् । त्यस्तै शिक्षाले मानिसलाई जीवनपर्यन्त जीवनयापन गर्ने मूल्य र मान्यताहरू निर्धारण गरी मानव जीवनलाई अर्थपूर्ण बनाउन सक्नुपर्ने कुराले पनि निकै महत्त्व पाएको देखिन्छ । सामाजिक समस्या समाधान गर्न, गुणस्तरीय जीवनको सुधार गर्न, प्रजातन्त्रको सुसंगठन गर्ने जिम्मेवारी पनि शिक्षाले लिनुपर्दछ भनिन्छ (पाठ्यक्रम विकास केन्द्र, २०६५) ।

विज्ञान र प्रविधिको चामत्कारिक विकासले गर्दा विश्वका सम्पन्न राष्ट्रका नागरिकका लागि संसारको दूरी निकै साँघुरो बन्न पुगेको छ । आर्थिक, प्राविधिक, शैक्षिक आदि दृष्टिले सम्पन्न र विपन्न देशबीच ठूलो खाडल सिर्जना भएको छ । अल्पविकसित र विकासशील राष्ट्रहरू आफ्नैखालका समस्याहरूबाट गुज्रिरहेका छन् (शिक्षा विभाग, २०६४/६५) ।

हाम्रो मुलुकमा पनि देशको चौतर्फी विकासका लागि शिक्षालाई प्रमुख माध्यमका रूपमा लिइएको छ । देशमा विद्यालयको संख्या द्रूततर गतिले बढ्दै गएको तथ्याङ्कहरूले देखाएका छन् । विद्यालय बाहिर रहेका बालबालिकालाई विद्यालय ल्याउन र उनीहरूलाई तह पूरा गराउने तर्फ केही प्रयाससमेत भएका छन् जसले गर्दा नेपाली बालबालिकाका लागि विद्यालय शिक्षाको अवसर बढेर गएको यथार्थ स्वकार्नुपर्ने हुन्छ । सबैका लागि शिक्षा र विकासका लागि शिक्षाका अवधारणालाई आत्मसात् गरिएको भए पनि राष्ट्रको यथार्थसँग गाँस्न नसकिएको अनुभूति हुन्छ । सक्षम, उत्पादनशील, अनुशासित तथा सामाजिक दायित्वप्रति जिम्मेवार नागरिक उत्पादन गर्न सबैको पहुँचभित्र आउने खालका गुणात्मक शिक्षाको विकास गर्दै राष्ट्रका सामु देखापर्ने चुनौतीहरूको सामना गर्नसक्ने जनशक्ति उत्पादनमा जुट्नु अति आवश्यक भइसकेको छ (अधिकारी, २०६४) ।

शैक्षिक गुणस्तरमा आएको ह्रास हाम्रो परिवेशमा निकै चिन्ताको विषय बन्न पुगेको छ । शैक्षिक व्यवस्थापनमा समुदायको सहभागिता, स्थानीय संलग्नता, आन्तरिक र बाह्य सक्षमता, शैक्षिक अनुशासन आदिले पनि शिक्षको गुणस्तरलाई प्रभाव पार्ने गरेको छ । सार्वजनिक शिक्षण संस्थामा खस्कँदो गुणस्तरका कारण नेपालको शिक्षा मानवीय विकासको सहयोगी र समतामूलक हुन नसकी सम्पन्न र विपन्न वर्गको दूरी बढाउने कारक बन्नसक्ने सम्भावना हाम्रोसामु देखिएको छ । सरकारले निरक्षरता उन्मूलनलाई प्राथमिकता दिए पनि मुलुकमा विद्यालय जाने उमेरका धेरै बालबालिकाहरू विद्यालय आउन सकेका छैनन् । विपन्न वर्ग, पिछडिएका जातजाति र समुदायको ठूलो संख्या शिक्षाको पहुँचबाट अझै बाहिर रहेको छ । जाति, भाषा, संस्कृति, लिङ्ग, क्षेत्रीय सन्तुलन आदि पक्षहरूलाई समुचित ध्यान दिएर सम्पूर्ण राष्ट्रलाई ऐक्यबद्ध पार्ने काममा शिक्षा प्रणालीले महत्त्वपूर्ण भूमिका खेल्नुपर्ने भएको छ (उपाध्याय, २०६१) ।

शिक्षाको मूल प्रवाहबाट बाहिर रहेकालाई मूल प्रवाहमा ल्याउनु एउटा चुनौती छँदै छ भने अर्कातर्फ शिक्षा प्राप्त गर्नेहरूले गुणस्तरीय शिक्षा नपाउँदा व्यक्ति, समाज र राष्ट्रको ठूलो धनराशि त्यसै खेर गइरहेको छ । त्यसैले सम्पूर्ण बालबालिकाहरूलाई गुणस्तरीय शिक्षाको पहुँच उपलब्ध हुने गरी औपचारिक एवम् अनौपचारिक दुवै शिक्षालाई सुदृढ गर्दै शिक्षालाई अधिकारका रूपमा स्थापित

गर्नु अनिवार्य भएको परिप्रेक्ष्यमा नेपाले अन्तर्राष्ट्रिय समुदाय समक्ष सबैका लागि शिक्षा पुऱ्याउन प्रतिबद्ध हुनुपरेको छ (शिक्षा विभाग, २०६४) ।

### १.१.१. अन्तर्राष्ट्रिय अभ्यास

सिर्जनात्मक कला विषयको पाठ्यक्रम नेपालबाहेक अन्य मुलुकहरूमा पनि प्रचलित रहेको पाइन्छ । अफ्रिकी राष्ट्र इथियोपियामा माध्यमिक तहमा समेत सिर्जनात्मक कला विषयको पाठ्यक्रम कार्यान्वयनमा रहेको छ । त्यहाँ सिर्जनात्मक कला अन्तर्गत दृश्यकला, सङ्गीत, नृत्य र नाटक विधा समावेश गरिएको छ । दृश्यकला अन्तर्गत Drawing, Paint and colour, Print, Work with Clay, Construction, Fabric and Fibre जस्ता ६ वटा विषयक्षेत्रहरू निर्धारण गरिएका छन् । सङ्गीत कला अन्तर्गत सुनाइ तथा आत्मसात, प्रस्तुतीकरण र सङ्गीत संयोजन समावेश गरिएको छ । यहाँ आइरिस सङ्गीतलाई उच्च स्थान दिइएको छ । नृत्य र नाटक विधालाई प्राथमिकताका साथ पाठ्यक्रममा समावेश गरिएको पाइन्छ (The Implementation of the Creative Arts Curriculum in Secondary Schools in Nigeria, 2009) ।

सन् १९९० को दशक यता आयरल्यान्डले प्रत्येक विद्यार्थीलाई सामाजिक, आर्थिक र सांस्कृतिक पक्षमा सहभागी हुन प्रेरित गरेको देखिन्छ । विद्यालयले समुदायको आवश्यकता र चाहनाअनुसार कला विषयको पाठ्यक्रम आफैँ विकास गर्न सक्दछन् । शिक्षक र विद्यार्थीको रुचि तथा चाहनासमेतलाई ख्याल गरी स्थानीय स्तरमा कला विषयको पाठ्यक्रम तयार गर्ने गरिन्छ । कला विषयलाई अनिवार्य विषयका रूपमा नभई ऐच्छिक विषयका रूपमा पठनपाठन गर्ने व्यवस्था मिलाइएको छ (Bamford and Wimmer, 2012) ।

सिर्जनात्मक कला विषयले विद्यार्थीमा समस्या समाधान गर्ने, स्वयम् र अरुलाई पनि सम्मान गर्ने, शैक्षिक उपलब्धिमा वृद्धि गर्ने जस्ता गुणको विकास गर्दछ । विद्यालयहरूमा सिर्जनात्मक कला विषयको पाठ्यक्रम मुलुकपिच्छे फरक फरक किसिमले विकास गरिएको छ । विशेषतः यसअन्तर्गत सङ्गीत, नृत्य, नाटक जस्ता विषयवस्तुहरू समावेश गरिएको पाइन्छ । कतिपय मुलुकमा औद्योगिक र साहित्यिक विधाका विषयहरू पनि समावेश गरिएको पाइन्छ । युरोप र अमेरिकी मुलुकहरूमा प्राथमिक तहदेखि माध्यमिक तहसम्म नै यस विषयको पाठ्यक्रम कार्यान्वयनको अवस्थामा छ भने अफ्रिकी तथा एसियाली मुलुकहरूले प्राथमिक तहमा मात्र यस विषयको पाठ्यक्रम कार्यान्वयनमा ल्याएका छन् । एसिया तथा अफ्रिकाका माध्यमिक तहमा भने सिर्जनात्मक कला जस्तै लाग्ने विभिन्न व्यावसायिक तथा सीपमूलक पाठ्यक्रमहरूको विकास गरेको देखिन्छ (Thompson, 2011) ।

### १.१.२. नेपालको सन्दर्भमा सिर्जनात्मक कला पाठ्यक्रम

नेपालको विद्यालय तहको शैक्षिक विकासमा नेपालभित्र रहेका विभिन्न संघ संस्था तथा संगठनले आआफ्ना ठाउँबाट विशेष भूमिका खेलिरहेका छन् । त्यसमध्ये सरकारी संस्थाहरूमध्ये पाठ्यक्रम विकास केन्द्रको भूमिका अहम् रहेकोमा अतिशयोक्ति नहोला । कक्षा १ देखि १० सम्मको पाठ्यक्रम तथा पाठ्यपुस्तक र शिक्षक सहयोगी सन्दर्भसामग्रीहरू पाठ्यक्रम विकास केन्द्रले वि.सं. २०२८ सालदेखि बनाउँदै आएको छ । केन्द्रले ती बेलाबेलामा ती सामग्रीहरूको परिमार्जन समेत गर्दै आएको पाइन्छ । तर पाठ्यक्रम कार्यान्वयनको सबैभन्दा महत्वपूर्ण निकायका रूपमा रहेका विद्यालयहरूमा त्यो कत्तिको प्रभावकारी भइरहेको छ भनी खास अध्ययन गर्ने गरिएको भने पाइँदैन ( पोखरेल, २०६५) ।

बालबालिकाहरूमा रहेका अन्तर्निहित प्रतिभा, अनुभव, सिर्जनाजस्ता कुराहरूलाई अभिव्यक्त गरिने कलालाई सिर्जनात्मक कला भनिन्छ । नेपालको प्राथमिक तहको पाठ्यक्रमलाई यस तहमा सिर्जनात्मक कला विषय पनि समावेश गरिएको पाइन्छ । कक्षा १, २ र ३ मा ५० पूर्णाङ्क राखिएको यो पाठ्यक्रमलाई कक्षा ४ र ५ भने २५ पूर्णाङ्कमा सीमित गरिएको छ । प्राथमिक शिक्षा पाठ्यक्रम, २०४९ मा 'सिर्जनात्मक तथा अभिव्यक्ति शील कला' नाम दिइएको यस पाठ्यक्रमलाई २०६३ सालदेखि भने 'सिर्जनात्मक कला' नाम दिइएको छ । यस तहमा दृश्यकला र सङ्गीत कलाका माध्यमबाट बालबालिकाले आफूमा अन्तर्निहित प्रतिभा, अनुभव र सिर्जनालाई प्रस्फुटन गर्ने अवसर पाउने अपेक्षा गरिएको छ (शिक्षा मन्त्रालय, २०६६) ।

सिर्जनात्मक कला विषयमा दृश्यकला अन्तर्गत रेखाचित्र, रङ, छपाइ कार्य, कोलाज, माटोको काम, कागजसम्बन्धी कार्य,. निर्माण कार्य,. बुनाइ र स्थानीय विषयवस्तुको अंश समावेश गरिएका छन् । त्यस्तै सङ्गीतअन्तर्गत गायन र वादन, नृत्य, अभिनय र स्थानीय विषयवस्तुको अंश समावेश गरिएको छ (शिक्षा मन्त्रालय, २०६६) ।

दृश्यकला अन्तर्गत यस पाठ्यक्रमले प्राथमिक तह पूरा गरिसकेपछि बालबालिकाले सिसाकलम तथा इरेजरको प्रयोग गर्न; आआफ्नो क्षमताअनुसार विभिन्न बुट्टा, आकार एवम् आकृतिहरू कोर्न र रङ भर्न; आफूलाई मन पर्ने चित्र बनाउन; स्वतन्त्र रूपले अभिव्यक्त गर्न; बुनाइका आधारभूत सीप प्रयोग गर्न; कला सामग्रीको उचित छनोट तथा प्रयोग गर्न सक्ने स्थानीय कला निर्माण प्रक्रियासित परिचित भई उक्त कलाको संरक्षण गर्न सक्ने अपेक्षा राखेको छ (शिक्षा मन्त्रालय, २०६६) ।

त्यस्तै सङ्गीतअन्तर्गत स्वतन्त्र रूपले लय मिलाई एकल तथा समूहमा गीत गाउन; विभिन्न बाजाहरूको परिचय दिन र तालमा बजाउन; एकल, युगल तथा समूहमा नृत्य गर्न; कुनै पनि विषयवस्तुका आधारमा एकल वा समूहमा अभिनय गर्न र स्थानीय सङ्गीत नृत्यबारे परिचित भई सोको अभ्यास गर्न सक्ने अपेक्षा राखेको छ (शिक्षा मन्त्रालय, २०६६) ।

विद्यालय तहको शिक्षालाई बढी उद्देश्यमूलक, व्यावहारिक, समसामयिक एवम् स्तरीय बनाउने अभिप्रायले पाठ्यक्रम तथा पाठ्यपुस्तकमा शिक्षक, अभिभावक, विद्यार्थी र बुद्धिजीवीबाट रायसुझाव सङ्कलन गरी सोका आधारमा परिमार्जन र सुधार गर्ने कार्यलाई निरन्तर प्रक्रियाका रूपमा अङ्गीकार गरिँदै आएको छ । पाठ्यक्रम शिक्षण प्रक्रियाको मूल आधार हो र यसकै आधारमा सम्पूर्ण शैक्षिक क्रियाकलाप सञ्चालन हुने भएकाले पाठ्यक्रम समसामयिक परिवेशअनुकूल परिवर्तन हुनुपर्छ । वर्तमान लोकतान्त्रिक परिवेशमा यसै मान्यताअनुसार प्राथमिक शिक्षा पाठ्यक्रम, २०४९ लाई अझ बढी व्यवहारोपयोगी बनाउन प्राथमिक शिक्षा पाठ्यक्रमलाई परिमार्जन गरी परिमार्जित पाठ्यक्रम शैक्षिक सत्र २०६१ सालदेखि देशका छानिएका दस जिल्ला ( ताप्लेजुङ, धनकुटा, धनुषा, भक्तपुर, रसुवा, बागलुङ, कपिलवस्तु, जुम्ला, कैलाली र डोटी) का ५० ओटा विद्यालयमा कक्षा १ देखि चरणबद्ध रूपमा परीक्षण गरेर प्राप्त पृष्ठपोषणलाई समायोजन गरी वर्तमान रूपमा तयार पारिएको छ । यस परिमार्जनमा बालबालिकाले जान्नुपर्ने र सिक्नुपर्ने विषयहरूका सन्दर्भमा शिक्षासम्बन्धी विभिन्न आयोगका सुझावहरू, राष्ट्रिय गोष्ठी, क्षेत्रीय गोष्ठी आदिबाट प्राप्त पृष्ठपोषणसमेतका आाधारमा विषयगत क्रमबद्धतासमेतलाई विशेष ध्यान पुऱ्याइएको थियो । पाठ्यक्रम परिमार्जन गर्न गठित शिक्षक/विशेषज्ञहरूका कार्यदल, विषय शिक्षकको कार्यशाला तथा विषय समितिका अतिरिक्त राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्को सुझावसमेतलाई समावेश गरी पाठ्यक्रमको यो परिमार्जित रूप तयार गरिएको हो । यो पाठ्यक्रम शैक्षिक सत्र २०६६ देखि क्रमशः कक्षा ४ बाट लागू भएको छ (शिक्षा मन्त्रालय, २०६६) ।

विश्वमा सूचना तथा सञ्चार क्षेत्रमा देखा परेका विकास, विश्वव्यापीकरण तथा स्थानीयकरणलाई विद्यालय तहको शिक्षामा समाहित गरी सामाजिक मूल्यमान्यता, ज्ञानविज्ञानका विविध पक्षहरू एवम् विषयगत ज्ञानयुक्त शिक्षाको आवश्यकतालाई दृष्टिगत गरी वर्तमान पाठ्यक्रम तयार पारिएको देखिन्छ (वाग्ले, २०६५) ।

पाठ्यक्रममा प्राथमिक तहको ढाँचा, विषयको परिचय, शिक्षण विधि र मूल्याङ्कन प्रक्रिया समावेश गरिएको छ । बालबालिकाहरूमा देखा पर्ने गुणात्मक परिवर्तनको मूल्य निर्धारणका लागि प्राथमिक तहमा शिक्षणसिकाइमा आधारित निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीलाई विशेष महत्व

दिइएको छ। यसै गरी बालबालिकाहरूमा देखा पर्ने परिमाणात्मक परिवर्तनहरूको लेखाजोखा गर्न उपलब्धि परीक्षाहरू पनि कक्षागत रूपमा सञ्चालन गर्नुपर्ने व्यवस्था गरिएको छ। आवश्यकतानुसार विद्यालयहरूले मूल्याङ्कनका विविध साधनहरू प्रयोग गरी बालबालिकाहरूको मूल्याङ्कन गर्नु वाञ्छनीय हुने देखिन्छ (खनाल, २०६५)।

पाठ्यक्रममा शिक्षणसिकाइ कार्यलाई सहयोग पुग्ने दृष्टिकोणले विषयवस्तुको विस्तृतीकरण, सम्भावित शिक्षणसिकाइ क्रियाकलाप, मूल्याङ्कन र पाठ्यभार समेतलाई समावेश गरिएको छ। पाठ्यक्रमको ढाँचामा स्थानीय पाठ्यक्रमको व्यवस्था विद्यालयमा गर्नुपर्ने भएकाले स्थानीय पाठ्यक्रम निर्माण कार्यमा सहयोग पुऱ्याउने दृष्टिकोणले सङ्क्षिप्त रूपमा भए पनि स्थानीय पाठ्यक्रम निर्माण निर्देशिकासमेत समावेश गरिएको छ (शिक्षा मन्त्रालय, २०६६)।

बालबालिकाहरूमा रहेका अन्तर्निहित प्रतिभा, अनुभव, सिर्जनाजस्ता कुराहरूलाई दृश्यकला र सङ्गीत कलाको माध्यमबाट अभिव्यक्त गरिने कलालाई नै सिर्जनात्मक कला भनिन्छ। नेपालको प्राथमिक तहमा यस विषयका लागि कक्षा १, २ र ३ मा ५० र कक्षा ४ र ५ मा २५ पूर्णाङ्क निर्धारण गरिएको छ। यस विषयका माध्यमबाट बालबालिकाहरूले आफ्नो अनुभूति, अनुभव, सिर्जनालाई स्वतन्त्र र मौलिक रूपले अभिव्यक्त गर्न सक्ने बनाउनु यस विषयको मूल उद्देश्य रहेको छ। यस विषयअन्तर्गत दृश्यकला र सङ्गीत जस्ता विषयवस्तुहरू समावेश गरिएको छ। दृश्यकला अन्तर्गत चित्रकला तथा हस्तकला पर्दछन्। यस खण्डमा रेखाचित्र, रङ, छपाइ कार्य, कोलाज, माटोको काम, कागजसम्बन्धी कार्य, निर्माण कार्य, बुनाइ र स्थानीय विषयवस्तुको अंश समेत समावेश गरिएको छ। सङ्गीत कला अन्तर्गत गायन र वादन, नृत्य, अभिनय र स्थानीय विषयवस्तुको अंश समावेश गरिएको छ। चित्रकलाको विकास मानव सभ्यताको इतिहास तथा भाषाभन्दा पहिला भएको मानिन्छ। सबैले सजिलै बुझ्न र सबैलाई बुझाउन सकिने 'भाषा' भएकाले यसलाई 'अन्तर्राष्ट्रिय भाषा' पनि भनिन्छ। दृश्यकला विधालाई अभिव्यक्तिको एक सशक्त माध्यमका रूपमा लिइन्छ। आजको आधुनिक युगमा यसको महत्व एवम् उपयोगिता दिनानुदिन बढ्दो छ। दृश्यकलाको सन्दर्भमा बालचित्रको महत्व अपरिहार्य छ। बालबालिकाहरूको बौद्धिक विकास तथा उनीहरूमा सिर्जनशीलता, अन्वेषण तथा रचनात्मक प्रवृत्तिको विकास गराउनका लागि दृश्यकला एक नभई नहुने विषयका रूपमा प्रमाणित भइसकेको छ (शिक्षा मन्त्रालय, २०६६)।

साना नानीहरू अक्षर अथवा शब्द लेख्न जान्नु अगाडि स्वभावतः टेढामेढा रेखाहरू कोर्न थाल्छन्। यसले उनीहरूको शारीरिक तथा बौद्धिक विकास गर्नमा निकै ठूलो सहयोग गर्दछ। विद्यार्थीहरूमा निहित कलासम्बन्धी ज्ञानले माथिल्लो तहको पढाइलाई समेत सघाउनुका अतिरिक्त

उनीहरूको व्यावहारिक जीवनमा पनि यसले ठूलो मदत पुऱ्याउँछ । एक व्यावसायिक चित्रकार बन्नका लागि मात्रै चित्रकलाको अध्ययनको आवश्यकता पर्छ भन्ने मान्यता सही होइन । चित्रकलाप्रतिको धेरथोर रुचि र सीपले बालबालिकालाई सिर्जनशील बनाउँछ । साथै उनीहरूको कार्य प्रस्तुतिमा समेत कलात्मक सुझबुझको अर्को एउटा आयाम थपिदिन्छ (परीक्षा नियन्त्रण कार्यालय, २०६६) ।

गायन, वादन र नृत्यको सामूहिक नाम सङ्गीत हो । भोजन शारीरिक खुराक हो भने सङ्गीत मानसिक (मनोवैज्ञानिक) खुराक हो । पीर भुल्न र सुखमा आनन्द लिन सङ्गीतले ठूलो सघाउ पुऱ्याउँछ । मानिस र सङ्गीतबीच आत्मीय सम्बन्ध छ अर्थात् सङ्गीत मानवजीवनको अभिन्न अङ्ग हो । तराई, पहाड, हिमालका मन्दिर, देवालय, सहरका ठूलाठूला भवनसम्म सङ्गीत गुञ्जायमान भएकै छ । हिजोआज सञ्चारको प्रगतिसँगै रेडियो, क्यासेट, टेलिभिजन आदिबाट विभिन्न प्रकारका सङ्गीत प्रसारण भइरहेको पाइन्छ । यी सबै प्रकारका सङ्गीत बालबालिकाहरूको स्तरबमोजिमका छैनन् । त्यसैले बालकहरूलाई सानै उमेरदेखि आफ्नो कला र संस्कृतिप्रति अभिरुचि जगाई त्यसलाई संवर्द्धन हुने किसिमको र उनीहरूको स्तरबमोजिमको सङ्गीत दिनु अति आवश्यक छ (पाठ्यक्रम विकास केन्द्र, २०६५) ।

प्राथमिक शिक्षाको उद्देश्य कला, सौन्दर्य र संस्कृतिप्रति अभिरुचि जगाउने पनि भएकाले बालबालिकाहरूमा उचित सङ्गीतको प्रारम्भिक ज्ञान दिलाउनु अनिवार्य हुन जान्छ । हाम्रो देशलाई चाहिएका हजारौँ सङ्गीतप्रेमी जनशक्ति राष्ट्रले पुऱ्याउन नसक्नुको मूल कारण विद्यालयमा व्यवस्थित सङ्गीत शिक्षा नभएर नै हो भनी भन्न सकिन्छ । बालमनोविज्ञानअनुसार पनि बालबालिकाहरू स्वभावैले नाच्न, खेल्न, गाउन रुचाउने हुन्छन्, तथापि आनन्दद्वारा पाएको ज्ञान बढी प्रभावकारी र अविस्मरणीय हुन्छ । यी विभिन्न कुराहरूलाई मनन गरी शिक्षाको प्राथमिक तहदेखि नै सङ्गीत विषयलाई अनिवार्य विषयका रूपमा पाठ्यक्रममा समावेश गरिएको छ ( पाठ्यक्रम विकास केन्द्र, २०६५) ।

सङ्गीत शिक्षाले माथिल्लो तहलाई पनि त्यत्तिकै सघाउ पुऱ्याइरहेको हुन्छ किनभने सङ्गीतले विद्यार्थीहरूमा नयाँनयाँ ज्ञान लिने उत्सुकता बढ्छ । प्राथमिक तह पूरा गरी पढाइ छोडेका विद्यार्थीहरूमा आफ्नो जीविकोपार्जन गर्ने सीपको विकास भएको हुन्छ । सङ्गीतको ज्ञानबाट पाएको सिर्जनात्मक सीपले कुनै पनि परिस्थितिमा आफूलाई समायोजन गर्न सक्छ, जुन हाम्रो शिक्षाको राष्ट्रिय उद्देश्यभित्र पर्छ । यिनै तथ्यहरूलाई दृष्टिगत गरेर सिर्जनात्मक कला विषयलाई प्राथमिक तहको पाठ्यक्रममा समावेश गरिएको पाइन्छ (पाठ्यक्रम विकास केन्द्र, २०६५) ।

आधारभूत तथा प्राथमिक तहका विद्यार्थीको सिकाइउपब्धिको अवस्था सन्तोषजनक देखिँदैन । राष्ट्रिय स्तरमा कक्षा ५ का विद्यार्थीको नेपाली, अङ्ग्रेजी, गणित, विज्ञान तथा सामाजिक शिक्षा तथा सिर्जनात्मक कला विषयको औसत सिकाइउपलब्धि क्रमशः ४५.०८, ३९.६८, ४७.६४, ४५.५६ र ६५.३५ रहेको छ । पूर्वाञ्चलका सोही कक्षाका विद्यार्थीको औसत सिकाइ उपलब्धि क्रमशः ४२.४८, ३५.६७, ४४.९७, ३९.९८ र ६४.८४ रहेको छ । यसप्रकार पूर्वाञ्चल क्षेत्रका प्राथमिक तहका विद्यार्थीको सिकाइउपलब्धिको स्तर अझ कमजोर देखिन्छ (शिक्षा मन्त्रालय, २०६६) ।

विद्यार्थीको सिकाइउपलब्धिले पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यहरू कुन हदसम्म बालबालिकाले हासिल गरेका छन् भन्ने निर्धारण गर्दछ । विद्यार्थीको शैक्षिक उपलब्धिमा धेरै तत्वहरूले प्रभाव पारेका हुनसक्छन् । पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षण विधि, शैक्षणिक सामग्री, शिक्षक तालिम, विद्यालय व्यवस्थापन, अभिभावकको सहभागिता तथा अनुगमन र सुपरिवेक्षण आदि थुप्रै कारणले विद्यार्थीको सिकाइउपलब्धिमा प्रभाव पारेका हुन्छन् । यस्ता तत्वहरूको खोजी गरी प्राथमिक तहका विद्यार्थीको सिर्जनात्मक कला विषयको सिकाइ उपलब्धिमा प्रभाव पार्ने कारक तत्त्वहरू पहिचान गर्नु यस अध्ययनको ध्येय रहेको छ ।

## १.२. समस्याको कथन

प्राथमिक तहका बालबालिकाहरूमा पठनपाठनका अतिरिक्त उनीहरूमा अन्तर्निहित प्रतिभालाई उजागर गर्न वर्तमान नेपालको प्राथमिक तहमा सिर्जनात्मक कला विषयलाई समावेश गरिएको छ तर पाठ्यक्रम लागू गरिएको भए तापनि यस विषयसँग दक्ष, तालिमप्राप्त र उपयुक्त ज्ञान भएका शिक्षकहरूको अभावमा उक्त विषयको पाठ्यक्रम लागू हुने कुरामा अझ चुनौती थपिएको देखिन्छ ।

यसरी यस्तो अवस्थामा उक्त समस्यालाई कसरी समाधान गर्न सकिएला ? यसका उपायहरू केके हुन सक्लान् ? भन्ने जस्ता विषयलाई मुख्य समस्याका रूपमा लिइएको छ । बुँदागत रूपमा हेर्नुपर्दा निम्न समस्यालाई आधार मानी अध्ययनलाई अघि बढाएको छ :

१. प्राथमिक तहमा सिर्जनात्मक कला पाठ्यक्रम कसरी कार्यान्वयन भइरहेको छ ?
२. उक्त विषयमा शिक्षकको पेसागत दक्षता, तालिम र अनुभव कस्तो छ ?
३. शिक्षण सामग्रीको उपलब्धता कस्तो छ ?

४. उपलब्ध स्रोत साधनको प्रयोग कसरी भइरहेको छ ?

५. सिर्जनात्मक कला विषयप्रति शिक्षकहरूको दृष्टिकोण कस्तो छ ?

६. स्थानीय स्तरमा पाइने सामग्रीहरूको प्रयोगको अवस्था कस्तो छ ?

७. सामग्रीहरूलाई पुनःप्रयोगमा ल्याउने गरी भण्डारण गरेर राख्ने व्यवस्था छ, छैन ?

यी समस्याहरूको वास्तविकता खोज गर्नुपर्ने अवस्था भएकाले 'प्राथमिक तहमा सिर्जनात्मक कला विषयको पाठ्यक्रम कार्यान्वयनको विश्लेषण' शीर्षक राखी अध्ययन गर्नु औचित्यपूर्ण ठानिएको छ ।

## १.३. अध्ययनको औचित्य

सङ्ख्यात्मक रूपमा मुलुकको शिक्षा क्षेत्रमा तीव्र विकास भए पनि शिक्षाको गुणात्मक विकास भने न्यून देखिन्छ । शिक्षाको समग्र विकासका लागि सङ्ख्यात्मक र गुणात्मक दुबै रूपले विकास हुनु उपयुक्त हुन्छ । यसकारण मुलुकको शिक्षाको गुणात्मक विकासका बाधक तत्वहरूको पहिचान गरी त्यसको निराकरण गर्नु आवश्यक छ ।

प्राथमिक तहमा समावेश गरिएको सिर्जनात्मक कला विषय मुख्यतः सैद्धान्तिकभन्दा पनि व्यावहारिक विषयसँग सम्बन्धित छ । यसले विद्यार्थीहरूको अन्तर्निहित प्रतिभाको प्रस्फुटन गराउन, भावी पेसाको दक्षता वृद्धि गर्न तथा हातेसीपको समेत विकास गराउँछ । यसर्थ यस्तो जटिल तथा महत्वपूर्ण पाठ्यक्रमलाई विद्यालय तहमा कक्षा शिक्षणका क्रममा लागू गराउने शिक्षक दक्ष, अनुभवी तथा सीपयुक्त हुनु अनिवार्य छ । यस अध्ययनले शिक्षकलाई उक्त विषयसम्बन्धी आवश्यक सीप प्राप्त गर्न अभिप्रेरित गराउने छ ।

त्यसै गरी विद्यालयको कक्षा व्यवस्थापनमा केवल शिक्षकको मात्र जिम्मेवारी नभई विद्यालय प्रधानाध्यापकको पनि उत्तिकै जिम्मेवारी रहन्छ । यसर्थ उक्त विषयको पाठ्यक्रम प्रयोगका निम्ति आवश्यक स्रोतसाधन जुटाउन र कक्षा व्यवस्थापन गर्न शिक्षकलाई आवश्यक सहयोग पुऱ्याउने छ ।

शिक्षकको पेसागत दक्षता वृद्धि गरी विद्यालयको शिक्षण सिकाइको अवस्थामा सुधार गर्न जिल्लामा रहेका प्रत्येक स्रोतकेन्द्रहरूमा मागमा आधारित तालिम (TPD) सञ्चालन गर्ने गरिएको छ । प्राथमिक तहका शिक्षकहरूलाई यस विषयसँग सम्बन्धित तालिम सञ्चालन गर्न स्रोतव्यक्ति तथा विद्यालय निरीक्षकहरूलाई आवश्यक मार्गदर्शन गर्ने कुरामा यस अध्ययनले सहयोग गर्नेछ ।

## १.४. अध्ययनका उद्देश्य

यस अध्ययनका निम्न उद्देश्य रहेका छन् :

क) सिर्जनात्मक कला विषयको पाठ्यक्रम कार्यान्वयनको अवस्था विश्लेषण गर्नु ।

ख) उक्त विषयको पाठ्यक्रम कार्यान्वयनमा देखिएका समस्याहरू पहिचान गर्नु ।

## १.५. अनुसन्धान प्रश्नहरू

यस अनुसन्धानात्मक कार्यका लागि निम्नानुसारका अनुन्धानात्मक प्रश्नहरू तय गरिएका छन् :

क) प्राथमिक तहमा सिर्जनात्मक कला विषयको पाठ्यक्रम कार्यान्वयन कसरी भएको छ ?

ख) सिर्जनात्मक कला विषयको पाठ्यक्रम कार्यान्वयनका समस्याहरू केके छन् ?

ग) सिर्जनात्मक कला विषयको पाठ्क्रमलाई कार्यान्वयन गर्न के कस्ता उपायहरू अवलम्बन गर्न सकिन्छ ?

## १.६. अध्ययनको सीमितता

उपलब्ध स्रोत, साधन र समयलाई ध्यानमा राखी यस अध्ययनलाई निम्न क्षेत्रभित्र सीमित गरिएको छ :

१. यो अध्ययन ताप्लेजुङ जिल्लामा सीमित रहेको छ ।

२. ताप्लेजुङ जिल्लाका दुई वटा गा.वि.स.हरू (दोखु र फुङलिङ) मा सीमित रहेको छ ।

३. दुई दुई वटा प्रा.वि., नि.मा.वि. र उ.मा.वि.मा सीमित रहेको छ ।

४. सिर्जनात्मक कला (नृत्य, गायन, बादन र हस्तकला) विषयमा सीमित रहेको छ ।

# परिच्छेद दुई

# अध्ययनको सैद्धान्तिक खाका र साहित्यको पुनरावलोकन

## २.१. अध्ययनको सैद्धान्तिक खाका

प्रस्तुत शोध अध्ययन अल्बर्ट बान्डुरा (१९२५) को सामाजिक सिकाइ सिद्धान्त र थोर्नडाइक (१८७४-१९४९) को प्रयत्न र भुल सिद्धान्तमा आधारित रहेको छ । उपर्युक्त सिद्धान्तहरू यस अनुसन्धानसँग सम्बन्धित भएकाले तिनलाई अध्ययनको सैद्धान्तिक खाकाका रूपमा लिइएको हो ।

बान्डुरा (१९२५) का अनुसार सिकाइ प्रभावकारी बनाउन तीन किसिमका पुनर्बलहरू प्रत्यक्ष वा बाह्य पुनर्बल, उत्तेजनात्मक पुनर्बल र स्वपरिचालित पुनर्बलले काम गर्दछन् । मानिस चेतनशील प्राणी भएकाले व्यवहार कसरी प्राप्त गरिन्छ मात्र नभई व्यवहारलाई कसरी राम्रो बनाउन सकिन्छ भन्ने कुरामा यस सिद्धान्तले जोड दिएको छ । अन्तर्दृष्टिपूर्ण, सिर्जनात्मक, तार्किक र बौद्धिक शक्तिको विकासले मानिसको व्यवहारलाई निर्देशित गर्दछ भन्ने यस सिद्धान्तको मान्यता हो । मानवीय अन्तर्दृष्टि वा बौद्धिकताका आधारमा उद्देश्यहरूप्रति मानिसहरूले नै व्यवहार प्रदर्शन गर्दछन् । सतर्कतापूर्ण पुनर्बलको आत्मीकरण विना परिणामहरूले मानवीय व्यवहारलाई ठूलो प्रभाव पार्न सक्दैन । पुनर्बलका माध्यमबाट हुने सिकाइ यान्त्रिक नभई ज्ञानात्मक हुने गर्दछ । यसैले सिकाइलाई सूचनाहरूको पृष्ठपोषणको परिणामबाट निर्देशित र व्यक्तिको आन्तरिक व्यवहारको प्रतिनिधित्वको संयुक्त उपज हो । यस सिद्धान्तअनुसार सिकारुले अर्को व्यक्ति वा समूहको व्यवहार वा कार्यकलापको नक्कल गर्दछ र त्यही व्यवहारअनुसार आफू चल्ने गर्दछ । व्यक्तिले प्राप्त गरेको मान, इज्जत, प्रतिष्ठाका आधारमा उसको व्यवहार निधो हुन्छ र त्यसैअनुसारको क्रियाकलाप देखाउँछ । यही क्रियाकलापको अनुकरण बालबालिकाले गर्दछन् । अवलोकनकर्ताले त्यस्तो नमुनाको व्यवहारको बढी नक्कल गर्दछन् जुन पुरस्कृत, आदरणीय र उच्चस्तरीय हुने गर्दछ । कोमल हृदय भएका आमाबाबु, सबैको सहयोग गर्ने साथीभाइ, सहयोगी शिक्षकका क्रियाकलापहरू बढी अनुकरणीय हुन्छन् र त्यस्ता व्यवहारहरूको अनुकरण गर्ने व्यक्ति पनि उस्तै स्वाभावका हुन्छन् (शर्मा एन्ड शर्मा, २०६६ बाट उद्धृत) ।

बान्डुराको सिद्धान्त सामाजिक सिकाइ सिद्धान्त भएकाले विद्यालय वा शिक्षकले बालबालिकालाई सामाजिक व्यवहारहरूका आधारमा सहयोग पुग्ने कार्यहरू गर्नुपर्दछ । अनुकरण नै सिकाइको माध्यम भएकाले शिक्षकले ज्यादै सचेत रहनु पर्दछ किनभने विद्यार्थीले शिक्षकका बानी व्यवहारहरूको नक्कल गर्ने गर्दछन् । विद्यार्थी-विद्यार्थीबीचमा एक आपसमा क्रियाकलापहरूको आदानप्रदान हुने भएकाले शिक्षकले विद्यार्थीका नराम्रा व्यवहारहरूलाई दण्डित र राम्रा

व्यवहारहरूलाई पुरस्कृत गर्न सक्नुपर्दछ । शिक्षक नै सिकाइको जिम्मेवार र प्रतिष्ठित व्यक्ति भएकाले गाउँ, समाज र परिवारमा समेत उसले अनुकरणीय व्यवहार प्रदर्शनको भूमिका निर्वाह गर्न सक्नुपर्दछ । विद्यार्थीको मनोवैज्ञानिक स्तर, इच्छा र रुचिअनुसार शिक्षकले पठनपाठन गर्नुपर्दछ । यस सिद्धान्तअनुसार ज्ञान तथा सीपको विकासका लागि आवश्यक अभ्यास गराउनु पर्दछ । अभ्यास गराउँदा अरुले अनुकरण गर्नसक्ने वा गर्न योग्य किसिमबाट गराउनु पर्दछ ।

यस सिद्धान्तअनुसार सिकाइका चार चरण छन् । ती हुन् ध्यानात्मक प्रक्रिया, धारणात्मक प्रक्रिया, क्रियात्मक पुनर्उत्पादन प्रक्रिया र उत्प्रेरणात्मक प्रक्रिया ।

थोर्नडाइक (सन् १८७४-१९४९) का अनुसार प्राणीले विभिन्न क्रियाकलापहरू देखाउँछ । यी व्यवहारहरूको साहचर्य सम्बन्ध उत्तेजना र प्रतिक्रियाको बीचको सम्बन्धबाट स्थापित हुन्छ । उत्तेजना र प्रतिक्रियाबीचको सम्बन्ध नै साहचर्य हो र यो नै सिकाइ हो । प्राणीले कुनै पनि कुरा सिक्दा छनोट तथा जोडद्वारा सिक्दछ । जब प्राणीले समस्याको समाधान गर्नु पर्दछ, उसले थुप्रै प्रतिक्रियाहरूबाट चाहिँदो प्रतिक्रियाको छनोट गर्ने र त्यसलाई जोड्ने प्रयत्न गर्नुपर्दछ । यहाँ प्रयत्न भनेको नै समयको लगाव, कोसिस, प्रयास वा प्रयत्न हो र भुल भनेको समस्या समाधान गर्ने सिलसिलामा अपनाइएका गलत कार्यहरू हुन् । प्राणीले ठीक प्रतिक्रियालाई ग्रहण गर्दछ र गलत प्रतिक्रियालाई त्याग्दछ । फलस्वरूप लक्ष्यअनुसार सिकाइ सिक्न सफल हुन्छ (शर्मा एन्ड शर्मा, २०६६) बाट उद्धृत) ।

मानव जीवनमा आइपर्ने थुप्रै कठिन परिस्थितिहरूमा देखिने विकल्पहरूमध्ये सही विकल्पको छनोट गरी त्यसलाई व्यवहारमा लागु गराउनु नै यस सिद्धान्तको मुख्य लक्ष्य हो । उत्तेजना र प्रतिक्रियाको सम्बन्धअनुसार सिकाइ सिक्नका लागि तत्परता, अभ्यास र प्रभावको नियमले काम गर्दछ । प्राणीले त्यति बेला मात्र सिक्दछ जब ऊ सिक्नका लागि तत्पर हुन्छ । तत्परता नभई सिकाइ नै हुँदैन । त्यस्तै सिकाइ अभ्यासद्वारा मात्र सम्भव हुन्छ । कुनै पनि कुरा एकै पटकमा सिक्न सम्भव हुँदैन, पटक पटक अभ्यास गर्नु पर्दछ । पटक पटकको अभ्यासले गल्तीहरू घट्दै जान्छन् र सिकाइ सम्भव हुन्छ । जब प्राणीलाई सन्तुष्टि वा सफलता प्राप्त हुन्छ त्यसको प्रभाव उसमा पर्दछ र उसले त्यसको पुनरावृत्ति गर्दछ ।

## २.२. सम्बन्धित साहित्यको पुनरावलोकन

शिक्षा पत्रिका (२०६५) का अनुसार काभ्रे जिल्लाको नवीन प्राथमिक विद्यालयमा बालकेन्द्रित र बालमैत्रीपूर्ण वातावरणमा शिक्षण सिकाइ हुन्छ । सबै कक्षामा ग्रेड टिचिङको व्यवस्था छ । यहाँ ६५% शिक्षण सिकाइ खेल, गीत तथा सङ्गीत मार्फत् हुन्छ । राम्रो र प्रभावकारी शिक्षण विधिका

कारण सिकाइउपलब्धि बढी रहेको छ । यही कारण निजी विद्यालयका विद्यार्थी समेत यस विद्यालयमा भर्ना हुन आउन थालेका छन् ।

नेपाल राष्ट्रिय शिक्षा समितिको रिपोर्ट (२०११) का अनुसार पाठ्यक्रमलाई वातावरणसँग मिल्दोजुल्दो पार्न नसक्नु नै नेपालको प्राथमिक शिक्षाको सबैभन्दा ठूलो आलोचनाको विषय भएको छ । सारा कपडा पैठारी हुने ठाउँमा प्रायः सिलाइ कटाइको पाठ्यक्रम राखिएको छ । लुगा सिएर जीविकोपार्जन गर्ने ठाउँहरूमा सूचीकारी राखिएको छैन । काठमाडौँको मन्टेसरी शिक्षाले युरोपियन ढाँचाको अनुशरण गरेको छ । बालबालिकाको व्यक्तिगत आवश्यकता, सामर्थ्य र अभिरुचिको वातावरण निर्माण गर्न सकेको छैन । वर्तमान शिक्षालयहरूको अनुभवको कदर गर्न र योजना बनाउन स्वतन्त्र भएर शिक्षालयहरूका पुराना, अव्यावहारिक र सीमित महत्वहरूलाई फालेर यिनमा असल र उपयोगी विलक्षणताहरू ल्याउने राष्ट्रिय योजनाको विकासमा अघि बढ्नु पर्दछ ।

शिक्षा मन्त्रालय (२०१८) का अनुसार प्राथमिक तहमा भाषा, सामाजिक शिक्षा, विज्ञान र स्वास्थ्य शिक्षा, गणित, स्वावलम्बी शिक्षा, शारीरिक शिक्षासँगै कला विषयको पाठ्यक्रमसमेत परिकल्पना गरिएको थियो । कला विषयअन्तर्गत पेन्सिल, खरी र अँगारको प्रयोगबाट आत्मअभिव्यक्ति गर्नु, माटा र मैनका मोडेल बनाउनु, फूल कागजहरूले कोठा र कक्षाकोठा सिँगार्नु, रङ्गीन चित्र तयार गर्नु, औँलाले पेन्ट गर्नु कागजको अक्षर काट्नु र लेख्न सक्ने हुनु जस्ता सिकाइउपलब्धिको अपेक्षा गरिएको थियो । दोस्रो कक्षामा मैन र आलुले छाप्ने काम जान्नु, माटाको काम र कागज काट्न जान्नु, स्थानीय प्राप्त वस्तुबाट लम्बाइ, चौडाइ र मोटाइको ज्ञान राख्न सक्नु, स्थानीय नृत्य र सङ्गीत सम्बन्धी साधारण ज्ञान राख्नु जस्ता सिकाइउपलब्धिको अपेक्षा गरिएको थियो । तेस्रो कक्षामा विभिन्न किसिमका कागज र पातका काम, वाटरकलरको प्रयोग गर्नु, माटाको काम, मूर्ति बनाउन सुरु गर्नु जस्ता उपलब्धि अपेक्षा गरिएको थियो । चौथो कक्षामा साधारण माटाका भाँडाहरू बनाउनु, तार, दाउरा, लट्ठी र डोरी आदिबाट मूर्ति बनाउनु, साधारण वाटरकलर, पेन्टिङ, साधारण डिजाइन गर्न सक्नु जस्ता अपेक्षित उपलब्धिहरू राखिएको थियो । पाँचौं कक्षामा माथिका उपलब्धिसँगै काठमा, ढुङ्गामा कुँद्ने काम गर्नु, टोकरी बनाउने काम गर्नु समेत निर्धारण गरिएको थियो ।

शिक्षा मन्त्रालय (२०२८) का अनुसार राष्ट्रिय शिक्षा पद्धतिको योजना, २०२८ ले देशभर शिक्षाको संरचना र पाठ्यक्रममा एकरूपता कायम गर्दै प्राथमिक तहमा नेपाली, गणित, सामाजिक तथा शारीरिक शिक्षा, सफाइ, हस्तकला र चित्रकला जस्ता पाठ्यक्रम तय गरेको थियो । नेपालीलाई

३००, गणित २००, सामाजिक १०० र शारीरिक शिक्षा, सफाइ, हस्तकला र चित्रकलालाई ५० पूर्णाङ्क निर्धारण गरिएको थियो ।

शिक्षा मन्त्रालय (२०४९) का अनुसार प्राथमिक शिक्षालाई सर्वसुलभ बनाई प्रतिभाको पहिचान गर्ने शिक्षाको राष्ट्रिय उद्देश्य किटान गरिएको छ । कक्षा १ देखि ३ सम्मको शिक्षालाई अनौपचारिक र सीप तालिमको कार्यक्रमसँग समतुल्य गरिएको छ । राष्ट्रभाषा, राष्ट्रिय भाषा तथा साहित्य, कला र संस्कृतिका विविध पक्षहरूमा मौलिक सिर्जना गर्न व्यक्तिलाई सक्षम बनाउने नीति लिइएको छ । प्राथमिक शिक्षामा सफाइ, स्वास्थ्य र शारीरिक शिक्षाका साथै हस्तकला, चित्रकला जस्ता विभिन्न विषयमा व्यावहारिक कार्यकलापहरूका माध्यमबाट अभिमुखीकरण गर्नु पर्दछ ।

शिक्षा मन्त्रालय (२०६६) का अनुसार प्राथमिक तहको न्यून स्तरको सिकाइउपलब्धि र विद्यालय छोड्ने तथा कक्षा दोहोऱ्याउने दर उच्च भएका कारणले सक्षमता र प्रभावकारिता सम्बन्धी ठूलो चुनौतीको सामना गर्नुपरेको छ । विद्यार्थीहरूका विविध आवश्यकताको परिपूर्ति गर्न प्रत्येक विद्यालयमा न्यूनतम आधारभूत सक्षमताका अवस्था पुऱ्याउने कुराको सुनिश्चितता गर्ने ध्येय राखिएको छ । यी आवश्यकताभित्र विशेष गरी भौतिक र सिकाइ
वातावरण पर्छन् । विद्यालयको भौतिक वातावरणभित्र भवनको अवस्था, पर्याप्त कक्षाकोठा, छात्र र छात्राका लागि छुट्टाछुट्टै शौचालय, खाने पानीको सुविधा तथा खेल्ने चौर आदि पर्छन् । सिकाइ वातावरणभित्र योग्य तथा तालिम प्राप्त शिक्षकको उपलब्धता, पाठ्यक्रम तथा पाठ्यसामग्री, शिक्षकले विद्यार्थीका लागि खर्चिने समय, अतिरिक्त क्रियाकलाप आदि पर्छन् ।

The Implementation of the Creative Arts Curriculum in Secondary Schools in Nigeria (2009) का अनुसार अफ्रिकी राष्ट्र इथियोपियामा माध्यमिक तहमा समेत सिर्जनात्मक कला विषयको पाठ्यक्रम कार्यान्वयनमा रहेको छ । सिर्जनात्मक कला अन्तर्गत दृश्यकला, सङ्गीत, नृत्य र नाटक विधा समावेश गरिएको छ । दृश्यकला अन्तर्गत विभिन्न ६ वटा विषयक्षेत्र निर्धारण गरिएका छन् । जसमा Drawing, Paint and colour, Print,  Work with Clay, Construction, Fabric and Fibre रहेका छन् । सङ्गीत कला अन्तर्गत सुनाइ तथा आत्मसात, प्रस्तुतीकरण र सङ्गीत संयोजन समावेश गरिएको छ । यहाँ आइरिस सङ्गीतलाई उच्च स्थान दिइएको छ । नृत्य र नाटक विधालाईलाई प्राथमिकताका साथ पाठ्यक्रममा समावेश गरिएको छ ।

Bamford and Wimmer (2012) का अनुसार कला विषय प्रायः सबै विद्यालयको मुख्य पाठ्यक्रमका रूपमा स्थापित भएको छ । सन् १९९० को दशक यता आयरल्यान्डले प्रत्येक विद्यार्थीलाई सामाजिक, आर्थिक र सांस्कृतिक पक्षमा सहभागी हुन प्रेरित गरेको छ । विद्यालयले

समुदायको आवश्यकता र चाहना अनुसार कला विषयको पाठ्यक्रम आफैँ विकास गर्न सक्दछन् । शिक्षक र विद्यार्थीको रुचि र चाहनालाई समेत ख्याल गरी स्थानीय स्तरमा कला विषयको पाठ्यक्रम तयार गर्न सकिन्छ । कला विषयलाई अनिवार्य विषयका रूपमा नभई ऐच्छिक विषयका रूपमा पठनपाठन गर्ने व्यवस्था मिलाइएको छ ।

Thompson (2011) का अनुसार सिर्जनात्मक कला विषयले विद्यार्थीमा समस्या समाधान गर्ने, स्वयम् र अरुलाई पनि सम्मान गर्ने, शैक्षिक उपलब्धिमा वृद्धि गर्ने जस्ता गुणको विकास गर्दछ । विद्यालयहरूमा सिर्जनात्मक कला विषयको पाठ्यक्रम मुलुकपिच्छे फरक फरक किसिमले विकास गरिएको छ । विशेषतः यसअन्तर्गत सङ्गीत, नृत्य, नाटक जस्ता विषयवस्तुहरू समावेश गरिएको पाइन्छ । कतिपय मुलुकमा औद्योगिक र साहित्यिक विधाका विषयहरू पनि समावेश गरिएको पाइन्छ । युरोप र अमेरिकी मुलुकहरूमा प्राथमिक तहदेखि माध्यमिक तहसम्म नै यस विषयको पाठ्यक्रम कार्यान्वयनको अवस्थामा छ भने अफ्रिकी तथा एसियाली मुलुकहरूले प्राथमिक तहमा मात्र यस विषयको पाठ्यक्रम कार्यान्वयनमा ल्याएका छन् । एसिया तथा अफ्रिकाका माध्यमिक तहमा भने सिर्जनात्मक कला जस्तै लाग्ने विभिन्न व्यावसायिक तथा सीपमूलक पाठ्यक्रमहरूको विकास गरेको देखिन्छ ।

Ornstein & Hunkins (2004) का अनुसार अपनत्वको अभाव, समयानुकूल परिवर्तन हुन नचाहने मानवीय प्रवृत्ति, प्रशासकीय सहयोगको अभाव, वैयक्तीकरण, अचानकको आमुल परिवर्तन जस्ता कारणहरूले पाठ्यक्रम कार्यान्वयनमा समस्या पैदा गर्दछन् । पाठ्यक्रम कार्यान्वयनको आधारभूत पक्ष शिक्षक र विद्यार्थीले पाठ्यक्रममा अपनत्व पाएनन् भने त्यो पाठ्यक्रम सफल हुन सक्दैन । स्थानीय परिवेश र परिस्थितिअनुकूलको पाठ्यक्रम मात्र स्वीकार्य हुन सक्दछ । त्यस्तै अचानक हुने आमूल परिवर्तनबाट निर्माण हुने पाठ्यक्रमलाई अपनाउन पनि समय लाग्दछ । पाठ्यक्रम कार्यान्वयनका लागि प्रशासकीय सहयोगको समेत आवश्यकता पर्दछ । प्रशासकीय सहयोगबिना पाठ्यक्रमको सफल कार्यान्वयन हुन सक्दैन । हाल प्रचलनमा रहेका पाठ्यक्रम निर्माणका मोडेलहरूमध्ये Overcomming Resestance to Change (ORC) मोडेलअनुसार पाठ्यक्रम कार्यान्वयनका लागि पाठ्यक्रमको नेतृत्वकर्ताको प्रमुख भूमिका रहेको हुन्छ भनी यस नमुनाले उल्लेख गरेको छ । कार्यान्वयनका क्रममा विभिन्न पक्षहरूबाट अवरोध उत्पन्न हुन सक्दछ । त्यस्ता अवरोधहरूलाई कार्याक्रमको नेतृत्वकर्ताले प्रभावकारी रूपमा व्यवस्थापन गरी सफलतापूर्वक कार्यान्वयन गराउन सक्दछन् । यो नमुनाअनुसार पाठ्यक्रम कार्यान्वयन गर्नका लागि निम्न चरणहरू अवलम्बन गर्न सकिन्छ :

a) Onrelated Concern

b) Personal Concern

c) Task Related Concern

d) Impact Related Concern

त्यसै गरी अर्को मोडेल Organizational Development Model (ODM) अनुसार कुनै पनि पाठ्यक्रम विकास, कार्यान्वयन एवम् सुधार गर्ने कार्यमा सरोकारवालाहरूको उचित सहभागिता र सहकार्य हुनु आवश्यक छ । Franch & Bell का अनुसार प्रभावकारी रूपमा पाठ्यक्रम कार्यान्वयनका लागि निम्न कुराहरूमा ध्यान दिनु आवश्यक छ :

क) समस्याको समाधानका लागि सहकार्यमा जोड

ख) समूह र अन्य समूहबीचको अन्तर्क्रियामा जोड

ग) सहकार्य संस्कृतिमा जोड

घ) सहकार्य संस्कृतिलाई सम्पूर्ण प्रणालीभित्र आत्सात गर्न जोड


ङ) कार्यक्रम प्रमुखलाई सहजकर्ताका रूपमा कार्य गर्न जोड

च) परिवर्तनलाई सकारात्मक रूपमा आत्सात गर्न जोड ।

## २.३. शैक्षिक उपादेयता

अध्ययन अनुसन्धानका क्रममा पुनरावलोकन गरिएका विभिन्न लेख, रचना, पुस्तक तथा सिद्धान्तहरूले प्रस्तुत अनुसन्धानको विषयवस्तुको गहिराईमा पुग्न उल्लेखनीय सहयोग पुग्ने अपेक्षा गरिएको छ । पुनरावलोकन गरिएका सामग्रीहरूले सिर्जनात्मक कला विषयको विगत र वर्तमानको अवस्था चित्रण गरेका छन् । खास गरी प्राथमिक तहमा नेपालसहित विश्वका अधिकांश मुलुकहरूमा यस विषयको पाठ्यक्रम निर्माण गरी कार्यान्वयनमा रहेको जानकारी प्राप्त भएको छ । उपलब्ध सामग्रीहरूका माध्यमबाट शोधकार्य गर्न आवश्यक मार्गदर्शन प्राप्त हुन गई अनुसन्धान विश्वसनीय बनाउन सहयोग पुग्नेछ । यस अध्ययनले प्राथमिक तहका विद्यार्थीमा अन्तर्निहित प्रतिभालाई प्रस्फुटन गराउन सिर्जनात्मक कला विषयले पर्याप्त सहयोग पुऱ्याउने प्रष्ट पारेका छन् । यस अध्ययनले शिक्षासँग सरोकार राख्ने सबै पक्षहरू शिक्षक, विद्यार्थी, अभिभावक, स्रोतव्यक्ति, विद्यालय निरीक्षक र अन्य नीति निर्माताहरूलाई समेत थप अध्ययन अनुसन्धानका लागि सहयोग पुग्नेछ ।

**पाठ्यक्रमको अवधारणात्मक ढाँचा**




यो अध्ययन सञ्चालन गर्नका लागि माथिको अवधारणामा आधारित भई तथ्याङ्क सङ्कलन, विश्लेषण तथा निष्कर्ष निकालिएको छ । पाठ्यक्रम कार्यान्वयनका सन्दर्भमा माथि उल्लिखित पक्षहरूलाई ध्यानमा राखी गहन रुपमा तथ्याङ्क सङ्कलन तथा त्यसको प्रयोग गरिएको छ ।

## परिच्छेद तीन

## अध्ययन विधि

### ३.१. अनुसन्धान ढाँचा

अनुसन्धानात्मक ढाँचा अनुसन्धान गरिने विषयको प्रकृति, अध्ययनको उद्देश्य, सङ्कलित सूचनाहरूको किसिम जस्ता विभिन्न पक्षहरूमा निर्भर गर्दछ । यो अनुसन्धान प्राथमिक तहमा सिर्जनात्मक कला विषयको पाठ्यक्रम कार्यान्वयनको चुनौतीसँग सम्बन्धित भएकाले यस अध्ययनका लागि कतिपय सूचनाहरू परिमाणात्मक तथा कतिपय सूचनाहरू गुणात्मक आवश्यक पर्ने हुँदा गुणात्मक र परिमाणात्मक दुवै ढाँचा अवलम्बन गरिएको छ । अनुसन्धान ढाँचा तलको तालिकामा उल्लेख गरिएको छ :

तालिका १ : अनुसन्धानात्मक ढाँचा

| क.स. | उद्देश्यहरू | साधनहरू | प्रतिक्रियादाताहरू | | | |
|---|---|---|---|---|---|---|
| | | | प्र.अ. | शिक्षक | वि.नि. | स्रोतव्यक्ति |
| १ | सिर्जनात्मक कला विषयको पाठ्यक्रम कार्यान्वयनको अवस्था विश्लेषण गर्नु | अन्तर्वार्ता | ✓ | ✓ | ✓ | ✓ |
| | | कक्षा अवलोकन | | ✓ | | |
| २ | उक्त विषयको पाठ्यक्रम कार्यान्वयनमा देखिएका समस्याहरू पहिचान गर्नु | अन्तर्वार्ता | ✓ | ✓ | ✓ | ✓ |
| | | दस्तावेज अध्ययन | विद्यालय रेकर्ड, बुलेटिन, प्रोफाइल | | | |

### ३.२. जनसङ्ख्या

ताप्लेजुङ जिल्ला फुङलिङ र दोखु गाउँ विकास समिति अन्तर्गतका २ वटा उ.मा.वि., २ वटा नि.मा.वि. र २ वटा प्रा.वि. लाई यस अध्ययनको जनसङ्ख्याका रूपमा लिइएको छ । प्राथमिक, निम्न माध्यमिक र उच्च माध्यमिक विद्यालयहरूको प्रतिनिधित्व हुने गरी विद्यालयहरू छनोट गरिएको हो । ती विद्यालयका प्र.अ., शिक्षक, सम्बन्धित स्रोतकेन्द्रका स्रोतव्यक्ति र वि.नि.हरू यस अध्ययनको जनसङ्ख्या रहेका छन् ।

## ३.३. नमुना छनोट

प्रस्तुत अध्ययनका लागि निम्नअनुसार नमुनाको आकार, नमुना छनोट विधि र नमुना छनोटको आधार तय गरिएको छ ।

### ३.३.१. नमुनाको आकार

यस अध्ययनका लागि ताप्लेजुङ जिल्लाको फुङलिङ र दोखु गाउँ विकास समिति अन्तर्गत सञ्चालित २ वटा उच्च माध्यमिक विद्यालय, २ वटा निम्न माध्यमिक विद्यालय र २ वटा प्राथमिक विद्यालयलाई नमुनाका रूपमा छनोट गरिएको छ । नमुना छनोटमा परेका विद्यालयका प्र.अ. र सम्बन्धित विषय शिक्षक स्वतः छनोट भएका छन् । सम्बन्धित स्रोतकेन्द्रका स्रोतव्यक्ति र विद्यालय निरीक्षक पनि छनोट गरिएको छ ।

### ३.३.२. नमुना छनोट विधि

यस अध्ययनमा ताप्लेजुङ जिल्लाको फुङलिङ र दोखु गाउँ विकास समितिका प्रा.वि. देखि उच्च मा.वि.सम्मका ६ वटा सामुदायिक विद्यालयहरूलाई सम्भावनामा आधारित छनोट प्रक्रिया अपनाई छनोट गरिएको छ । नमुना छनोट गरिएका प्रत्येक विद्यालयबाट प्रधानाध्यापक र सम्बन्धित विषय अध्यापन गर्ने १/१ जना शिक्षकलाई उत्तरदाताका रूपमा छनोट गरिएको छ । सम्बन्धित स्रोतकेन्द्रका स्रोतव्यक्ति र विद्यालय निरीक्षक स्वतः छनोट भएका छन् ।

### ३.३.३. नमुना छनोटको आधार

नमुना छनोटका लागि सम्भावनायुक्त नमुना छनोट विधि अपनाइएको छ । यस विधि अनुसार जनसङ्ख्या छनोट गर्दा जनसङ्ख्याका प्रत्येक एकाइहरू नमुनाका रूपमा छनोट हुन सक्ने सम्भावना हुन्छ । यसमा एउटा एकाइको छनोटले अन्य एकाइको छनोटमा कुनै असर गर्दैन । यस विधिबाट नमुना छनोट गर्ने क्रममा पक्षपात हुँदैन । व्यावहारिक, सजिलो तथा सबै एकाइहरूलाई छानिने बराबर मौका हुने; समय, श्रम र पैसाको समेत बचत हुने हुनाले नमुना छनोटका लागि यो विधि अपनाइएको छ ।

## ३.४. तथ्याङ्कका स्रोत

यस अध्ययनका क्रममा प्राथमिक र द्वितीय दुवै प्रकारका तथ्याङ्कहरूको प्रयोग गरिएको छ । प्राथमिक स्रोतअन्तर्गत प्रश्नावली, अन्तर्वार्ता र विद्यालय अवलोकन फारामको प्रयोग गरिएको छ भने द्वितीय स्रोतअन्तर्गत विद्यालयका शैक्षिक तथ्याङ्क, अभिलेख, विद्यालय सुधार योजना, विभिन्न

शैक्षिक बुलेटिन र योजनाहरू, पत्रपत्रिका, शिक्षा मन्त्रालयबाट प्रकाशित लेख, प्रतिवेदन, शोधपत्र, पुस्तक आदिको प्रयोग गरिएको छ ।

## ३.५. तथ्याङ्क सङ्कलनका साधनहरू

तथ्याङ्क सङ्कलनका लागि निम्नानुसारका साधनहरूको प्रयोग गरिएको छ :

३.५.१. **प्रश्नावली** : नमुना छनोटमा परेका विद्यालयका प्रधानाध्यापक, शिक्षक, सम्बन्धित स्रोतकेन्द्रका स्रोतव्यक्ति र विद्यालय निरीक्षकबाट प्रश्नावलीका माध्यमद्वारा धारणा सङ्कलन गरिएको छ ।

३.५.२. **अन्तर्वार्ता निर्देशिका** : नमुना छनोटमा परेका विद्यालयका प्र.अ., शिक्षक, सम्बन्धित स्रोतकेन्द्रका स्रोतव्यक्ति र विद्यालय निरीक्षकसँग प्रत्यक्ष अन्तर्वाता लिइएको छ । उक्त अन्तर्वार्ताका प्रश्नावलीहरू अनुसूचीमा उल्लेख गरिने छ ।

३.५.३. **विद्यालय अवलोकन फाराम** : विद्यालयको स्थलगत अवलोकनबाट समेत आवश्यक तथ्याङ्क सङ्कलन गरिने छ । यसको नमुना अनुसूचीमा उल्लेख गरिएको छ ।

३.५.४. **कक्षा अवलोकन फाराम** : नमुना छनोटमा परेका विद्यालयहरूको कक्षा अवलोकनबाट समेत आवश्यक तथ्यहरू टिपोट गरी तिनलाई तथ्याङ्कका रूपमा उपयोग गरिएको छ । यसको नमुना अनुसूचीमा उल्लेख गरिएको छ ।

## ३.६. साधनको वैधता

साधनको वैधताका लागि अनुसन्धान निर्देशकसँग छलफल गरिएको छ । प्राप्त सुझावका आधारमा साधनको उपयोग गरिएको छ । आफूभन्दा अगाडिका अनुसन्धानकर्ताका अनुभवका आधारमा समेत साधनको वैधता सुनिश्चित गरिएको छ । अनुसन्धान विशेषज्ञका राय तथा सुझावलाई समेट्नुका साथै साधनको पूर्व परीक्षण गरेर पनि वैधता निर्धारण गरिएको छ ।

## ३.७. तथ्याङ्क सङ्कलन प्रक्रिया

यस अध्ययनका क्रममा प्राप्त भएका तथ्याङ्कहरूलाई आवश्यकताअनुसार तालिकी- करण गरिएको छ । आवश्यकताअनुसार औसत, प्रतिशत तथा अनुपातका आधारमा तथ्याङ्कहरूलाई व्याख्या र विश्लेषण गरिएको छ । यसैगरी निर्धारण गरिएका उद्देश्यअनुसार उपयुक्त शीर्षक चयन गरी प्राप्त तथ्याङ्कलाई सोही शीर्षकभित्र प्रस्तुतीकरण, व्याख्या र विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

# परिच्छेद चार

# तथ्याङ्कको नतिजा र व्याख्या

प्राथमिक तहमा सिर्जनात्मक कला विषयको पाठ्यक्रम कार्यान्वयनको विश्लेषण गर्ने र उक्त विषयको पाठ्यक्रम कार्यान्वयमा देखिएका समस्याहरूको पहिचान गर्ने उद्देश्यले गरिएको प्रस्तुत शोध अध्ययनका लागि सङ्कलित तथ्यहरूलाई यस परिच्छेदमा उद्देश्य अनुरूप बेग्लाबेग्लै शीर्षकमा राखी व्याख्या तथा विश्लेषण गरिएको छ ।

## ४.१. सिर्जनात्मक कला विषयको पाठ्यक्रम कार्यान्वयनको अवस्था

प्राथमिक तहमा सिर्जनात्मक कला विषयको पाठ्यक्रमको कार्यान्वयनको अवस्था विश्लेषण गर्नु यस अनुसन्धानको एक उद्देश्य हो । यस अनुसन्धानका लागि नमुना छनोट गरिएका विद्यालयहरूमा उक्त विषयको पाठ्यक्रम कार्यान्वयनको अवस्था कस्तो रहेको छ भनी यहाँ विश्लेषण गरिएको छ ।

प्राथमिक शिक्षा पाठ्यक्रमले कक्षा १ देखि कक्षा ५ सम्म सिर्जनात्मक कला विषयको पाठ्यक्रम तयार गरेको छ । यस विषयको पाठ्यपुस्तक सामाजिक अध्ययन विषयसँगै एकीकृत गरिएको छ । कक्षा १-३ मा सामाजिक अध्ययन तथा सिर्जनात्मक कला विषयका लागि एकमुष्ट साप्ताहिक पाठ्यभार ६ तोकिएको छ भने कक्षा ४ र ५ मा भने सिर्जनात्मक कला विषयलाई २५ पूर्णाङ्क छुट्याइ साप्ताहिक पाठ्यभार ३ तोकिएको छ । सिर्जनात्मक कला विषयको पाठ्यक्रमअन्तर्गत निम्न विषय क्षेत्रहरू कायम गरिएका छन् :

क) दृश्यकला : १. रेखाचित्र २. रङ ३. छपाइ कार्य ४. कोलाज ५. माटोको काम
६. कागजसम्बन्धी कार्य ७. निर्माण कार्य ८. बुनाइ ९. स्थानीय विषयवस्तुको अंश

ख) सङ्गीत : १. गायन र वादन २. नृत्य ३. अभिनय ४. स्थानीय विषयवस्तुको अंश

प्रस्तुत शोध अध्ययनका लागि ताप्लेजुङ जिल्लाका दोखु र फुङलिङ गा.वि.स.का दुई वटा प्राथमिक, दुई वटा निम्न माध्यमिक र दुई वटा उच्च माध्यमिक विद्यालयलाई नमुनाका रूपमा छनोट गरिएको थियो । नमुना छनोट गरिएका ती विद्यालयमा प्राथमिक तहमा सिर्जनात्मक कला विषयको पाठ्यक्रम कार्यान्वयनको अवस्थालाई निम्नअनुसार प्रस्तुत गरिएको छ ।

### ४.१.१. दैनिक कार्यतालिकाको निर्माण

प्राथमिक तहमा सिर्जनात्मक कला विषयको पाठ्यक्रम कार्यान्वयनको अवस्था शीर्षकको प्रस्तुत शोध अध्ययनका लागि नमुना छनोटमा परेका विद्यालयहरूमा उक्त विषयको कार्यान्वयनको अवस्था विश्लेषण गर्न पाठ्यक्रमले निर्धारण गरेअनुरूप विद्यालयहरूले दैनिक कार्यतालिका (रुटिन) बनाएका छन् कि छैनन् भनी अध्ययन गरिएको थियो । अध्ययनबाट प्राप्त तथ्याङ्कलाई निम्नअनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका २ : दैनिक कार्यतालिका निर्माणको अवस्था

| क्र.स. | विद्यालयको नाम | ठेगाना | पाठ्यक्रमअनुसार भएको वा नभएको | |
|---|---|---|---|---|
| | | | भएको | नभएको |
| १ | श्री भानुजन उ.मा.वि. | फुङलिङ | ✓ | |
| २ | श्री महेन्द्र नि.मा.वि. | फुङलिङ | ✓ | |
| ३ | श्री बालमन्दिर प्रा.वि. | फुङलिङ | ✓ | |
| ४ | श्री सिद्धकाली उ.मा.वि. | दोखु | ✓ | |
| ५ | श्री मेवाराजा नि.मा.वि. | दोखु | ✓ | |
| ६ | श्री चारपाटे प्रा.वि. | दोखु | ✓ | |

स्रोत : विद्यालयका दैनिक कार्यतालिकाहरू, २०७० ।

प्रस्तुत तालिका नं. १ मा यस अनुसन्धानका लागि नमुना छनोट गरिएका ताप्लेजुङ जिल्लाका फुङलिङ स्रोतकेन्द्र अन्तर्गतका ६ वटै विद्यालयमा प्राथमिक तहको सिर्जनात्मक कला विषयको पाठ्यक्रम कार्यान्वयनमा दैनिक कार्यतालिकाको निर्माणको अवस्था देखाइएको छ । उक्त तालिकाअनुसार नमुना छनोटमा परेका शतप्रतिशत विद्यालयमा सिर्जनात्मक कला विषयको पाठ्यक्रमका लागि पाठ्यक्रम विकास केन्द्रले निर्धारण गरे अनुरूप नै दैनिक कार्यतालिकाको निर्माण गर्ने गरेको देखिन्छ ।

पाठ्यक्रम विकास केन्द्रले प्राथमिक तहको वर्तमान पाठ्यक्रममा समाविष्ट सिर्जनात्मक कला विषयका लागि कक्षा १-३ मा ५० र कक्षा ४ र ५ मा २५ पूर्णाङ्क छुट्याएको छ । सोका लागि साप्ताहिक पाठ्यभार ३ (कक्षा १-३) र १ (कक्षा ४ र ५) निर्धारण गरेको छ । नमुना छनोट गरिएका शतप्रतिशत विद्यालयले पाठ्यक्रम विकास केन्द्रले तोकेअनुसारकै साप्ताहिक पाठ्यभार रहने गरी दैनिक कार्यतालिका निर्माण गरेकाले उक्त विषयको पाठ्यक्रम कार्यान्वयनको अवस्था सही रहेको देखिएको छ ।

### ४.१.२. विषयगत शिक्षकको अवस्था

प्राथमिक तहमा सिर्जनात्मक कला विषयको पाठ्यक्रम कार्यान्वयनको अवस्था शीर्षकको प्रस्तुत शोध अध्ययनका लागि नमुना छनोटमा परेका विद्यालयहरूमा उक्त विषयको कार्यान्वयनको अवस्था विश्लेषण गर्न विद्यालयहरूमा विषयगत शिक्षकहरूको अवस्था कस्तो रहेको छ भनी अध्ययन गरिएको थियो । सिर्जनात्मक कला विषयको पाठ्यक्रममा समाविष्ट विधाहरूमध्ये नृत्य, गायन, वादन र हस्तकलामध्ये सबै विधाको ज्ञान रहेका शिक्षकलाई पूर्ण र कुनै कुनै विधाको मात्र ज्ञान रहेका शिक्षकहरूलाई आंशिकमा वर्गीकरण गरी अध्ययनबाट प्राप्त तथ्याङ्कलाई निम्नअनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ३ : विषयगत शिक्षकको अवस्था

| क्र.स. | विद्यालयको नाम | ठेगाना | विषयगत शिक्षकको व्यवस्था | |
|---|---|---|---|---|
| | | | पूर्ण | आंशिक |
| १ | श्री भानुजन उ.मा.वि. | फुङलिङ | ✓ | |
| २ | श्री महेन्द्र नि.मा.वि. | फुङलिङ | | ✓ |
| ३ | श्री बालमन्दिर प्रा.वि. | फुङलिङ | | ✓ |
| ४ | श्री सिद्धकाली उ.मा.वि. | दोखु | | ✓ |
| ५ | श्री मेवाराजा नि.मा.वि. | दोखु | ✓ | |
| ६ | श्री चारपाटे प्रा.वि. | दोखु | | ✓ |

स्रोत : शिक्षकहरूसँगको अन्तर्वार्ता र कक्षा अवलोकन, २०७० ।

प्रस्तुत तालिका नं. २ मा यस अनुसन्धानका लागि नमुना छनोट गरिएका ताप्लेजुङ जिल्लाका फुङलिङ स्रोतकेन्द्र अन्तर्गतका ६ वटै विद्यालयमा प्राथमिक तहको सिर्जनात्मक कला विषयको पाठ्यक्रम कार्यान्वयनका लागि विषय शिक्षकहरूको अवस्था देखाइएको छ । उक्त तालिकाअनुसार नमुना छनोटमा परेका ६६.६६ प्रतिशत विद्यालयमा सिर्जनात्मक कला विषयको पठनपाठन गर्न पूर्ण रूपमा सक्षम शिक्षकहरू नभएको देखिन्छ । नमुना छनोटमा परेका ३३.३३ प्रतिशत विद्यालयमा मात्र उक्त विषयको पाठ्यक्रमले निर्दिष्ट गरेका सबै विधाहरूबारे जानकार शिक्षकहरू रहेको पाइएको छ । अधिकांश विद्यालयमा विषयवस्तुप्रति विज्ञ शिक्षकहरूको व्यवस्था नभएकाले प्राथमिक तहको सिर्जनात्मक कला विषयको पाठ्यक्रम कार्यान्वयनमा समस्या रहेको देखिन्छ ।

बान्डुराको सामाजिक सिकाइ सिद्धान्तअनुसार विद्यालय वा शिक्षकले बालबालिकालाई सामाजिक व्यवहारका आधारमा सहयोग पुग्ने कार्यहरू गर्नुपर्दछ तर नमुना छनोटमा परेका विद्यालयहरूमा सिर्जनात्मक कला विषय अध्यापन गर्ने शिक्षकहरू सम्बन्धित विषयमा दक्ष नहुनाले विद्यार्थीले उनीहरूको नक्कल गरेर सिक्ने अवस्था रहेको देखिँदैन ।

### ४.१.३. शिक्षक तालिमको अवस्था

पाठ्यक्रम कार्यान्वयनको सबैभन्दा आधारभूत तह विद्यालय हो र यसको कार्यान्वयन गर्ने सबैभन्दा महत्वपूर्ण व्यक्ति शिक्षक हुन् । कक्षाकोठाभित्र गरिने शिक्षण सिकाइ कार्यकलापलाई प्रभावकारी बनाउन शिक्षकहरूलाई तालिम दिने गरिन्छ । बालमैत्री तथा बालकेन्द्रित शिक्षण सिकाइ क्रियाकलापहरूका जोड दिएर पठनपाठन गराउँदा विद्यार्थीको उपलब्धि स्तर उकास्न सहयोग पुग्छ; जसका लागि शिक्षक तालिमको आवश्यकता पर्दछ । शिक्षक तालिमका लागि सरकारले मनग्य धनराशि खर्च गर्दै आएको छ, विभिन्न किसिमका तालिम दिँदै आएको छ । नेपालमा प्राथमिक तहका ९८% शिक्षकहरू तालिम प्राप्त छन् । तर सिर्जनात्मक कला विषयको छुट्टै शिक्षक तालिम सञ्चालन नभएको र यस विषयसँग सम्बन्धित विषय शिक्षक नियुक्ति गर्ने व्यवस्थासमेत नभएको हुँदा सिर्जनात्मक कला विषयमा तालिम प्राप्त र दक्ष शिक्षकको भने अभाव नै रहेको छ । प्रस्तुत अनुसन्धानका लागि नमुना छनोट गरिएका विद्यालयहरूमा प्राथमिक तहको सिर्जनात्मक कला विषयको अध्यापन गर्ने शिक्षकहरूको तालिम सम्बन्धी विवरणलाई निम्न अनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ४ : शिक्षक तालिमको अवस्था

| क्र.स. | विद्यालयको नाम | ठेगाना | तालिमको अवस्था | |
|---|---|---|---|---|
| | | | प्राप्त | अप्राप्त |
| १ | श्री भानुजन उ.मा.वि. | फुङलिङ | ✓ | |
| २ | श्री महेन्द्र नि.मा.वि. | फुङलिङ | | ✓ |
| ३ | श्री बालमन्दिर प्रा.वि. | फुङलिङ | | ✓ |
| ४ | श्री सिद्धकाली उ.मा.वि. | दोखु | | ✓ |
| ५ | श्री मेवाराजा नि.मा.वि. | दोखु | | ✓ |
| ६ | श्री चारपाटे प्रा.वि. | दोखु | | ✓ |

स्रोत : विद्यालय अभिलेख, २०७० ।

माथिको तालिकामा प्रस्तुत अनुसन्धानका लागि नमुना छनोट गरिएका विद्यालयहरूमा प्राथमिक तहमा सिर्जनात्मक कला विषयको अध्यापन गर्ने शिक्षकहरूको तालिम सम्बन्धी अवस्था प्रस्तुत गरिएको छ । तालिकाअनुसार उक्त विषयको अध्यापन गर्ने नमुना छनोट गरिएका शिक्षकहरूमध्ये केवल एक जना (१६.६६ प्रतिशत) शिक्षक मात्र तालिम प्राप्त रहेका छन् । यस तथ्यले विद्यालयहरूमा उक्त विषयको पठनपाठन तथा पाठ्यक्रम कार्यान्वयनको अवस्था दयनीय रहेको देखाएको छ ।

शिक्षक तालिमका सम्बन्धमा सेवाकालीन तथा पूर्वसेवाकालीन तालिम लिन दिन सकिने व्यवस्था छ । तर सिर्जनात्मक कला विषयको तालिमका सम्बन्धमा भने खास केही हुन सकेको छैन । सिर्जनात्मक कला विषयको पाठ्यक्रममा समाविष्ट दृश्यकला र संगीत विधाका विषयवस्तु अध्यापन गर्न विद्यालय तथा विश्वविद्यालयका सैद्धान्तिक ज्ञानले मात्र पुग्दैन । यसका लागि गीतसंगीत, नृत्य, हस्तकला, चित्रकला जस्ता सिर्जनात्मक सीप पनि हुनु जरुरी छ । अनुसन्धानबाट त्यस्तो सीप भएका शिक्षक विद्यालयहरूमा अभाव रहेको देखाएको छ । यसैले यो विषयको पाठ्यक्रम कार्यान्वनको अवस्था आशातीत हुन सकेको छैन ।

विद्यालयहरूमा शिक्षक नियुक्त गर्दा प्राथमिक तहमा विषयगत शिक्षक नियुक्त गर्ने व्यवस्था हालसम्म हुन सकेको छैन । अधिकांश विद्यालयमा प्राथमिक तहमा अध्यापन गर्ने शिक्षकहरूको प्राज्ञिक अपर्याप्त रहेको छ । एसएलसी परीक्षा उत्तीर्ण शिक्षकले प्राथमिक तहका सबै विषयको शिक्षण गर्ने हैसियत राख्दैनन् । सिर्जनात्मक कला जस्तो विषय अध्यापनका लागि त झन् थप सिर्जनात्मक क्षमतासमेत चाहिने हुँदा विद्यमान शिक्षकहरूबाट उक्त विषयको पाठ्यक्रम कार्यान्वयनमा समस्या देखिँदै आएको छ ।

सिकाइ अभ्यासद्वारा मात्र सम्भव हुने थोर्नडाइकको सिद्धान्त यहाँ स्मरणीय देखिन्छ । अधिकांश शिक्षक तालिम प्राप्त नहुनु भनेको उनीहरूमा अभ्यासको कमी रहनु हो । तसर्थ आफूले अध्यापन गर्ने विषयसँग सम्बन्धित विषयवस्तुमा निरन्तर अभ्यास गरी शिक्षकले दक्षता हासिल गर्नुपर्दछ र विद्यार्थीको सिकाइमा सुधार गर्नुपर्दछ ।

### ४.१.४. योजना निर्माण

विद्यालयमा गरिने सम्पूर्ण शैक्षिक कार्यक्रमहरू योजना निर्माण गरी सोबमोजिम कार्य गर्नाले तोकिएको समयमा सबै कार्य सफलतापूर्वक सम्पन्न गर्न सकिन्छ । विद्यालयमा आवश्यक विविध योजनाहरू निर्माण गरी त्यसलाई सही ढङ्गबाट कार्यान्वयन गर्ने हो भने यसले शैक्षिक स्तर वृद्धि गर्न

महत्त्वपूर्ण सहयोग पुऱ्याउँछ । योजनाले लक्ष्य हासिल गर्नका लागि दिशानिर्देशको काम गर्दछ । तसर्थ विद्यालयमा सबै प्रकारका योजना तय गरी कार्यान्वयन गराउनु आवश्यक हुन्छ । विद्यालयमा कुनकुन योजनाहरू तय गरी कार्यान्वयन गर्ने/गराउने गरिएको रहेछ भन्ने तथ्याङ्कलाई निम्न अनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ५ : विद्यालयको योजना निर्माणको अवस्था

| क्र.सं. | विवरण | तयार गर्ने | | कार्यान्वयन गर्ने | | तयार नै नगर्ने | |
|---|---|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १ | वार्षिक कार्यतालिका | ६ | १०० | ४ | ७५ | ० | ० |
| २ | दैनिक कार्यतालिका | ६ | १०० | ६ | १०० | ० | ० |
| ३ | विद्यालय सुधार योजना | ६ | १०० | ४ | ७५ | ० | ० |

स्रोत : स्थलगत अध्ययन, २०७० ।

उल्लिखित तालिकाअनुसार नमुना छनोटमा परेका शतप्रतिशत विद्यालयले वार्षिक कार्यतालिका, दैनिक कार्यतालिका र विद्यालय सुधार योजना निर्माण गर्नेगरेको देखिएको छ । ती योजना तयार नै नगर्ने विद्यालय देखिएका छैनन् तर दैनिक कार्यतालिका बाहेकका योजना ७५% विद्यालयले मात्र कार्यान्वयन गर्नेगरेको देखिएको छ । यस्तै ती विद्यालयमा अध्यापन गर्ने सिर्जनात्मक कला विषयका शिक्षकको वार्षिक कार्ययोजना, एकाइ योजना र दैनिक पाठनोट तयारीको अवस्थालाई निम्नअनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ६ : शिक्षकको योजना निर्माणको अवस्था

| क्र.सं. | विवरण | तयार गर्ने | | कार्यान्वयन गर्ने | | तयार नै नगर्ने | |
|---|---|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १ | वार्षिक कार्ययोजना | ४ | ६६.६६ | ३ | ५० | २ | ३३.३३ |
| २ | एकाइ योजना | २ | ३३.३३ | १ | १६.६६ | ३ | ६६.६६ |
| ३ | दैनिक पाठनोट | २ | ३३.३३ | १ | १६.६६ | ३ | ६६.६६ |

स्रोत : स्थलगत अध्ययन, २०७० ।

उपर्युक्त तालिकालाई विश्लेषण गर्दा अध्ययनमा संलग्न विद्यालयहरूमध्ये ६६.६६ प्रतिशत शिक्षकले वार्षिक कार्ययोजना निर्माण गर्ने गरेको देखिन्छ भने सोको कार्यान्वयन गर्ने शिक्षक ५० प्रतिशत मात्र रहेको देखिन्छ । ३३.३३ प्रतिशत शिक्षकले वार्षिक कार्ययोजना निर्माण गर्दै नगर्ने अवस्था देखिएको छ । यस्तै ३३.३३ प्रतिशत शिक्षकले एकाइ योजना निर्माण गर्ने गरेका छन् भने १६.६६

प्रतिशत शिक्षकले मात्र उक्त योजना कार्यान्वयन गर्ने गरेका छन् । ६६.६६ प्रतिशत शिक्षकले यस्तो योजना निर्माण र कार्यान्वयन गर्ने गरेका छैनन् । आफूले अध्यापन गर्ने विषयको दैनिक पाठनोट निर्माण र कार्यान्वयनको अवस्था पनि उस्तै देखिएको छ । दैनिक पाठनोट तयार गर्ने शिक्षक ३३.३३ प्रतिशत र सोको कार्यान्वयन गर्ने शिक्षक १६.६६ प्रतिशत मात्र रहेका छन् । बहुसङ्ख्यक (६६.६६%) न आफूले अध्यापन गर्ने विषयको दैनिक पाठनोट निर्माण गर्ने गरेका छन् न त कार्यान्वयन नै ।

### ४.१.५. निरीक्षण तथा अनुगमन

शिक्षाको गुणस्तर बढाउन निरीक्षण तथा अनुगमनको पनि महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । शिक्षकको कार्य सम्पादनको मूल्याङ्कन गर्न, शिक्षणमा देखिएका समस्याहरूको पहिचान गरी समयमै निराकरण गर्न वि.व्य.स. पदाधिकारी, स्रोतव्यक्ति तथा विद्यालय निरीक्षकले समय समयमा विद्यालयको निरीक्षण तथा अनुगमन गर्नुपर्दछ । विद्यालयहरूको अनुगमन, शिक्षण सञ्चालनको सुपरिवेक्षण र कक्षाकोठा शिक्षण सहजीकरण गर्ने उद्देश्यले देशभर स्रोतकेन्द्रहरू स्थापना गरिएका छन् । स्रोतव्यक्ति, वि.नि., वि.व्य.स.का पदाधिकारीहरू, प्र.अ. तथा अन्य निकायबाट निरन्तर रूपमा निरीक्षण तथा अनुगमन गरी देखिएका कमीकमजोरी औँल्याइ समयमै सुधार गर्न सकिएमा मात्र अपेक्षित उद्देश्य हासिल गर्न सकिन्छ । यस अध्ययनका लागि छनोट गरिएका विद्यालयहरूमा निरीक्षण तथा अनुगमनको स्थिति जानकारी लिने उद्देश्यले प्र.अ., शिक्षक, वि.व्य.स.लाई भराइएका प्रश्नका आधारमा प्राप्त तथ्यलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ७ : निरीक्षण तथा अनुगमन विवरण

| क्र.स. | विद्यालय | निरीक्षण, अनुगमन भएको पटक | | |
|---|---|---|---|---|
| | | स्रोतव्यक्ति | वि.नि. | अन्य निकायका व्यक्ति |
| १ | श्री भानुजन उ.मा.वि. | २ | २ | १ |
| २ | श्री महेन्द्र नि.मा.वि. | ४ | २ | १ |
| ३ | श्री बालमन्दिर प्रा.वि. | ७ | २ | ६ |
| ४ | श्री सिद्धकाली उ.मा.वि. | ४ | १ | २ |
| ५ | श्री मेवाराजा नि.मा.वि. | २ | २ | १ |
| ६ | श्री चारपाटे प्रा.वि. | ४ | २ | १ |

स्रोत : स्थलगत अध्ययन २०७० ।

उपर्युक्त तालिकाअनुसार छनोट गरिएका विद्यालयहरूमा स्रोतव्यक्तिबाट सबैभन्दा धेरै पटक बालमन्दिर प्रा.वि.मा निरीक्षण तथा अनुगमन भएको देखिन्छ । शैक्षिक सत्र २०७० मा

स्रोतव्यक्तिबाट उक्त विद्यालयको ७ पटक र विद्यालय निरीक्षकबाट २ पटक अनुगमन तथा निरीक्षण भएको छ । अन्य निकायका व्यक्तिले पनि उक्त विद्यालयमै सबैभन्दा बढी (६ पटक) निरीक्षण तथा अनुगमन गरेका छन् । भानुजन उच्च मा.वि. र मेवाराजा नि.मा.वि.मा स्रोतव्यक्ति र विद्यालय निरीक्षकले शै.स. २०७० मा २/२ पटक निरीक्षण तथा अनुगमन गरेको देखिन्छ । अन्य निकायका व्यक्तिले वर्षभरिमा एक पटक मात्र ती विद्यालयको अनुगमन गरेका छन् । महेन्द्र नि.मा.वि., सिद्धकाली उ.मा.वि. र चारपाटे प्राविमा स्रोतव्यक्तिबाट ४/४ पटक अनुगमन तथा निरीक्षण भएको छ । विद्यालय निरीक्षक भने महेन्द्र नि.मा.वि.मा २ पटक, सिद्धकाली उ.मा.वि.मा १ पटक र चारपाटे प्रा.वि.मा दुई पटक मात्र पुगेको देखिन्छ ।

तथ्याङ्कले विद्यालयको निरीक्षण तथा अनुगमनको स्थिति न्यून देखाएको छ । विद्यालय निरीक्षक र स्रोतव्यक्तिको निरीक्षण तथा अनुगमन पाठ्यक्रम कार्यान्वयनको अवस्थामा सुधार ल्याउन पर्याप्त देखिँदैन । तसर्थ निरन्तर र पर्याप्त विद्यालय निरीक्षण तथा अनुगमन गर्नुपर्ने आवश्यकता देखिन्छ ।

विद्यालय निरीक्षणको मुख्य उद्देश्य विद्यालयहरूमा पाठ्यक्रम कार्यान्वयनको वास्तविक अवस्थाको विश्लेषण गरी शिक्षण सिकाइ प्रक्रियालाई प्रभावकारी बनाउन सहयोग पुऱ्याउनु हो । प्रभावकारी निरीक्षण तथा अनुगमनले शिक्षक, प्रशासक तथा निरीक्षकबीच आत्मीय सम्बन्ध र सहयोग कायम हुन्छ । यसबाट शिक्षकलाई परेका समस्याहरू अन्तर्क्रियाका माध्यमद्वारा छलफल गरी समाधान गर्न सकिन्छ । निरीक्षक तथा अनुगमनकर्ताले दिएका निर्देशन तथा सुझावहरूले शिक्षकहरूमा हौसला मिल्छ र कामप्रति प्रेरणा जाग्दछ । यसले शिक्षण सिकाइ कार्यलाई प्रभावकारी, वैज्ञानिक एवम् व्यवस्थित बनाउँछ र उच्च सिकाइउपलब्धि प्राप्तिमा सहयोग पुऱ्याउँछ । प्रस्तुत अनुसन्धानका लागि नमुना छनोटमा परेका विद्यालयहरूमा निरीक्षण तथा अनुगमन गर्ने व्यक्ति तथा निकायहरूले सिर्जनात्मक कला विषयको पठनपाठन र त्यस विषयको पाठ्यक्रम कार्यान्वयनसँग सम्बन्धित भएर निरीक्षण तथा अनुगमन गरेको पाइएन । विद्यालय अनुगमन तथा निरीक्षण गर्ने व्यक्ति तथा निकायहरूले दिने सुझावहरू अधिकांश विद्यालयको शिक्षण सिकाइसँग सम्बन्धित नै रहेका भए पनि विषयगत रूपमा भने रहेको देखिएन ।

### ४.१.६. शैक्षिक सामाग्रीको उपलब्धता र प्रयोग

शिक्षण कार्यमा प्रयोग गरिने आवश्यक सामग्री नै शैक्षिक सामग्री हो । शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउन शिक्षकले शिक्षण गर्दा शैक्षिक सामग्रीको प्रयोग गरेमा विद्यार्थीको सिकाइ दिगो हुन्छ । शैक्षिक सामग्रीको प्रयोगद्वारा प्रभावकारी तथा अर्थपूर्ण तरिकाले शिक्षण गर्न

सकिन्छ । शैक्षिक सामग्रीको प्रयोग गरी शिक्षण गर्दा विद्यार्थीहरूको सिकाइप्रति उत्सुकता र रुचि पनि बढ्छ । तसर्थ शैक्षिक सामग्री पनि विद्यार्थीको सिकाइउपलब्धिमा प्रभाव पार्ने एक महत्त्वपूर्ण तत्त्व हो । अध्ययनका लागि छनोट गरिएका विद्यालयहरूमा शैक्षिक सामग्रीको उपलब्धता एवम् प्रयोगसम्बन्धी विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ८ : शैक्षिक सामग्रीको उपलब्धता एवम् प्रयोगको अवस्था

| क्र.स. | प्रयोगको अवस्था | प्र.अ. | | शिक्षक | | वि.व्य.स. | |
|---|---|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १ | सधैँ प्रयोग हुन्छ | २ | ३३.३३ | ३ | ५० | - | - |
| २ | कहिलेकाहीँ हुन्छ | ३ | ५० | ३ | ५० | ३ | ५० |
| ३ | मुस्किलले प्रयोग हुन्छ | १ | १६.६६ | २ | ३३.३३ | १ | १६.६६ |
| ४ | कहिल्यै हुँदैन | - | - | - | - | - | - |

स्रोत : स्थलगत अध्ययन सर्वेक्षण, २०७० ।

तालिकाअनुसार अध्ययनका लागि छनोट गरिएका विद्यालयमा शैक्षिक सामग्रीको प्रयोग कहिल्यै पनि हुँदैन भन्ने विषयमा कुनै पनि विद्यालय सहमत भएको पाइएन । ३३.३३ प्रतिशत प्र.अ. र ५० प्रतिशत शिक्षकले शिक्षणमा शैक्षिक सामग्रीको प्रयोग सधैँ हुन्छ भन्ने मत जाहेर गरे । यस विषयमा वि.व्य.स. पदाधिकारीहरूले भने कुनै मत जाहेर गरेनन् । शैक्षिक सामग्रीको प्रयोग कहिलेकाहीँ हुन्छ भन्ने शिक्षक र प्र.अ. ५०% पाइए भने ५०% वि.व्य.स. पदाधिकारीले यस्तो मत दिए । शैक्षिक सामग्रीको प्रयोग मुस्किलले मात्र हुने गरेको धारणा राख्ने शिक्षक, प्र.अ. र वि.व्य.स. पदाधिकारीको सङ्ख्या क्रमशः १६.३३%, ३३.३३% र १६.३३% पाइयो ।

शैक्षिक सामग्रीको सधैँ प्रयोग हुने विद्यालयको सङ्ख्या एकदम न्यून रहेको अवस्था देखिन्छ । विद्यालयमा यस्तो अवस्था हुनु भनेको पाठ्यक्रम कार्यान्वयनको अवस्था दयनीय रहनु हो । यसले विद्यार्थीको सिकाइउपलब्धिमा समेत प्रभाव पार्दछ । शैक्षिक सामग्रीका सवालमा अधिकांश विद्यालयका प्र.अ., शिक्षक तथा वि.व्य.स. अध्यक्षले पर्याप्त मात्रामा शैक्षिक सामग्रीहरू विद्यालयमा उपलब्ध गराउन नसकिएको प्रतिक्रिया दिएका छन् । विद्यालयमा कस्ता किसिमका शैक्षिक सामग्रीको अधिक प्रयोग हुन्छ भन्ने सवालमा नमुना छनोटमा परेका विद्यालयका प्र.अ., शिक्षक तथा विद्यार्थीले दिएको प्रतिक्रियालाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ९ : विद्यालयमा प्रयोग गरिने शैक्षिक सामग्री विवरण

| क्र. स. | शैक्षिक सामग्रीको किसिम | प्र.अ. | | शिक्षक | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १ | स्थानीय स्तरमा पाइने शैक्षिक सामाग्री | ३ | ५० | ४ | ६६.६६ |
| २ | शिक्षक/विद्यार्थी निर्मित सामाग्री | १ | १६.६६ | ३ | ५० |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | बजारबाट खरिद गरिएका सामग्रीहरू | २ | ३३.३३ | १ | १६.६६ |

स्रोत : स्थलगत अध्ययन सर्वेक्षण, २०७० ।

उपर्युक्त तालिकाअनुसार ५०% प्र.अ. र ६६.६६% शिक्षकले विद्यालयमा स्थानीय स्तरमा उपलब्ध हुने शैक्षिक सामग्री प्रयोग धारणा व्यक्त गरेका छन् । शिक्षक तथा विद्यार्थीद्वारा निर्मित शैक्षिक सामग्री प्रयोग हुने गरेको धारणा राख्ने प्र.अ. र शिक्षकको सङ्ख्या क्रमशः १६.६६% र ५०% रहेको छ । बजारबाट खरिद गरिएका सामग्री प्रयोग हुने गरेको धारणा ३३.३३% प्र.अ.ले व्यक्त गरेका छन् । यस्तो धारणा राख्ने शिक्षकको सङ्ख्या भने १६.६६% मात्र रहेको छ ।

उक्त तालिकाअनुसार अधिकांश विद्यालयमा स्थानीय स्तरमा पाइने सामग्रीहरूलाई नै शैक्षिक सामग्रीका रूपमा प्रयोग गर्ने गरिएको देखिन्छ । विद्यालयहरूमा शिक्षक तथा विद्यार्थीद्वारा निर्मित सामग्रीहरूको प्रयोगको स्थिति पनि निराशाजनक देखिँदैन । बजारबाट खरिद गरिएका शैक्षिक सामग्रीहरू पनि विद्यालयहरूमा प्रयोग हुने गरेको देखिन्छ । विद्यालयमा पाठ्यक्रमको कार्यान्वनको अवस्था हेर्न शैक्षिक सामग्रीको प्रयोग पनि एक महत्त्वपूर्ण तत्त्व मानिएको छ । तसर्थ राष्ट्रिय स्तरमा तयार पारिएको पाठ्यक्रम स्थानीय स्तरबाट सफल पार्न विद्यालयमा पर्याप्त मात्रामा शैक्षिक सामग्रीको व्यवस्थापन हुनुपर्दछ । कक्षालाई उत्साही र रमाइलो बनाउन शिक्षण सामग्रीको प्रयोग गर्नुपर्दछ । स्थानीय स्तरमा उपलब्ध सामग्री तथा शिक्षक/विद्यार्थी निर्मित सामग्रीहरू शिक्षणका क्रममा निकै प्रभावकारी हुने गर्दछन् । तसर्थ शैक्षिक सामग्रीको व्यवस्था गर्दा दैनिक व्यवहारमा उपयोग हुनसक्ने र स्थानीय मौलिकता झल्काउने सामग्रीको छनोटमा ध्यान पुऱ्याउनु पर्दछ । कम खर्चमा चलाउनुपर्ने विद्यालयले पनि यस्ता सामग्रीको प्रयोगबाट आकर्षक शैक्षिक सामग्री निर्माण र सङ्कलन गर्न सक्दछन् ।

### ४.१.७. विषयगत शैक्षिक सामग्रीको उपलब्धता

पाठ्यक्रमको कार्यान्वयनमा विद्यालयमा विषयगत शैक्षिक सामग्रीको उपलब्धताले प्रभाव पार्दछ । जबसम्म विद्यालयमा शैक्षिक सामग्रीको सहज उपलब्धता हुँदैन तबसम्म विद्यार्थीले राम्ररी सिक्न सक्दैनन् र सही अर्थमा पाठ्यक्रमको कार्यान्वयन हुन सक्दैन । तसर्थ विद्यालयमा विषयगत शैक्षिक सामग्री पर्याप्त मात्रामा हुनु आवश्यक हुन्छ । यसैकारण प्रस्तुत अनुसन्धानका लागि सर्वप्रथम नमुना छनोट गरिएका विद्यालयहरूमा विषयगत शैक्षिक सामग्रीको उपलब्धता सम्बन्धी आवश्यक सूचनाहरू सङ्कलन गरिएको थियो । यो अनुसन्धान विद्यालयमा सिर्जनात्मक कला विषयको पाठ्यक्रम कार्यान्वयनसँग मात्र सम्बन्धित भएकाले विद्यालयमा उपलब्ध यस विषयसँग सम्बन्धित शैक्षिक सामग्रीहरूलाई मात्र समेटिएको थियो । सिर्जनात्मक कलाअन्तर्गत पनि नृत्य, गायन, वादन र हस्तकला सम्बन्धी मात्र अध्ययन गरिएकाले विद्यालयमा ती सामग्रीहरू भए वा नभएको मात्र तथ्याङ्क

सङ्कलन गरिएको थियो । सङ्कलित तथ्याङ्कका आधारमा नमुना छनोट गरिएका विद्यालयहरूको शैक्षिक सामग्रीको अवस्थालाई निम्नअनुसार प्रस्तुत गरिएको छ :

तालिका १० : उपलब्ध साधन र स्रोतहरूको अवस्था

| सामग्रीहरू | विद्यालयहरू | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | | २ | | ३ | | ४ | | ५ | | ६ | |
| | भएको | नभएको | भएको | नभएको | भएको | नभएको | भएको | नभएको | भएको | नभएको | भएको | नभएको |
| क्यासेट प्लेयर | ✓ | | ✓ | | ✓ | | ✓ | | ✓ | | | ✓ |
| म्युजिक सिस्टम | | ✓ | | ✓ | | ✓ | | ✓ | | ✓ | | ✓ |
| पोसाक | ✓ | | ✓ | | | ✓ | ✓ | | ✓ | | | ✓ |
| हार्मोनियम | ✓ | | ✓ | | | ✓ | ✓ | | | ✓ | | ✓ |
| मादल | ✓ | | ✓ | | ✓ | | ✓ | | ✓ | | ✓ | |
| गितार | | ✓ | | ✓ | | ✓ | | ✓ | | ✓ | | ✓ |
| चक्कु | ✓ | | ✓ | | ✓ | | ✓ | | ✓ | | ✓ | |
| भाँडाहरू | ✓ | | ✓ | | ✓ | | ✓ | | ✓ | | ✓ | |
| रङ | ✓ | | ✓ | | ✓ | | ✓ | | ✓ | | ✓ | |
| सियो, धागो | ✓ | | ✓ | | ✓ | | ✓ | | ✓ | | ✓ | |
| कपडा | ✓ | | ✓ | | ✓ | | ✓ | | ✓ | | ✓ | |
| अभ्यास कक्ष | | ✓ | | ✓ | | ✓ | | ✓ | | ✓ | | ✓ |

स्रोत : विद्यालय अभिलेख, २०७० ।

१. भानुजन उ.मा.वि.    ४. सिद्धकाली उ.मा.वि.

२. महेन्द्र नि.मा.वि.    ५. मेवाराजा नि.मा.वि.

३. बालमन्दिर प्रा.वि.    ६. चारपाटे प्रा.वि.

उपर्युक्त तालिकामा विद्यालयमा सिर्जनात्मक कला विषयको पठनपाठनका लागि आवश्यक पर्ने सामग्रीहरूको सूची उल्लेख गरिएको छ । नमुना छनोटमा परेका विद्यालयहरूमा सिर्जनात्मक कला विषयसँग समबन्धित नृत्य, गायन, वादन र हस्तकलाका लागि आवश्यक पर्ने ती सामग्रीहरूको अवस्था हेर्दा शतप्रतिशत विद्यालयमा उपलब्ध रहेका सामग्रीमा मादल, चक्कु,

भाँडाहरू, रङ, सियो-धागो र कपडा रहेका छन् । क्यासेट प्लेयर नहुने विद्यालय १ (१६.६४%) मात्र देखिन्छ भने ५ (८३.३३%) विद्यालयमा क्यासेट प्लेयर रहेको छ । तर नमुना छनोटमा परेका कुनै पनि विद्यालयमा म्युजिक सिस्टम रहेको देखिँदैन । विद्यार्थीलाई नाचगानका लागि आवश्यक पर्ने पोसाकको व्यवस्था भएका विद्यालयको संख्या भने अधिक देखिन्छ । ६६.६७% विद्यालयहरूमा यस्तो पोसाकको व्यवस्था रहेको देखिन्छ भने ३३.३३% विद्यालयमा यस्तो पोसाकको व्यवस्था रहेको देखिँदैन । गायनका लागि हार्मोनियम महत्वपूर्ण साधन हो । नमुना छनोटमा परेका विद्यालयहरूमा हार्मोनियम भएको वा नभएको अवस्थालाई पनि तालिकाले प्रस्तुत गरेको छ । तालिका अनुसार नमुना छनोटमा परेका विद्यालयमध्ये ५०% विद्यालयमा हार्मोनियम रहेको छ भने ५०% विद्यालयमा हार्मोनियम छैन । गायन र वादनका लागि महत्वपूर्ण अर्को औजार गितार हो । तर नमुना छनोटमा परेका कुनै पनि विद्यालयमा गितार नरहेको देखिएको छ ।

सिर्जनात्मक कला विषयको पठनपाठन सैद्धान्तिक नभएर गरेर सिक्ने प्रयोगात्मक सिद्धान्तमा आधारित रहेको हुँदा यस्तो कार्यका लागि पर्याप्त सामग्रीहरूको आवश्यकता पर्दछ । विद्यालयहरूमा उपलब्ध साधनहरूको अवस्था सन्तोषजनक रहेको देखिँदैन । तसर्थ विद्यालयमा उपलब्ध शैक्षिक सामग्रीहरूको अभाव पनि सिर्जनात्मक कला विषयको पाठ्यक्रम कार्यान्वयनको एक चुनौतीका रुपमा रहेको देखिएको छ ।

### ४.१.८. विद्यार्थी मूल्याङ्कन

अधिकांश शिक्षकहरूले आवधिक परीक्षाका अलवा विद्यार्थीहरूको प्रगति मूल्याङ्कन गर्न एकाइ परीक्षा, गृहकार्य र कक्षामा प्रश्नोत्तर जस्ता सैद्धान्तिक मूल्याङ्कन प्रयोग गर्ने गरेको देखिन्छ । विद्यार्थीको प्रगति मापन गर्ने अरु साधन प्रयोग हुने गरेको देखिँदैन । सिर्जनात्मक कला विषयको मूल्याङ्कन आवधिक परीक्षाहरूबाट मात्र हुन सक्दैन । यसका लागि प्रयोगात्मक रूपमा विद्यार्थीको मूल्याङ्कन गरिनु आवश्यक छ । तर विद्यालयहरूमा सिर्जनात्मक कला विषयको परीक्षा र मूल्याङ्कन पनि अन्य विषयको झैँ सैद्धान्तिक रूपमा नै लिने गरेको देखिएको छ । यस्तो मूल्याङ्कनले उक्त विषयमा विद्यार्थीको उपलब्धिको सही रूपमा मापन गर्न सक्दैन ।

विद्यार्थीको शिक्षामा सहभागिता र उनीहरूको सिकाइमा सुधार गर्ने उद्देश्यले देशभर निरन्तर मूल्याङ्कन प्रणाली लागू गरिएको छ । निरन्तर मूल्याङ्कनको उद्देश्य एक वर्षसम्म पढिसकेको कक्षा फेरि दोहोऱ्याउनु नपर्ने गरी विद्यार्थीहरूको सिकाइलाई सहज पार्नु हो । सफल/असफलको मान्यतालाई हटाउनु हो । तर अधिकांश विद्यालयमा आवधिक परीक्षाहरूलाई नै आधार मानी विद्यार्थी मूल्याङ्कन

गर्ने परिपाटी विद्यमान रहेको देखियो । विद्यालयमा निरन्तर मूल्याङ्कन पद्धति अपनाउन नसकिएको अवस्था देखियो । अध्ययनका लागि छनोट गरिएका विद्यालयहरूमा विद्यार्थीहरूको उपलब्धि, पढाइको अवस्था र प्रगति विवरण कति समयको अन्तरालमा अभिभावकलाई जानकारी गराउने गरिएको छ भन्ने सवालमा प्र.अ., शिक्षक अभिभावकलाई भराइएको प्रश्नावलीका आधारमा प्राप्त तथ्याङ्कलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ११ : विद्यार्थी मूल्याङ्कनसम्बन्धी विवरण

| क्र.स. | विवरण | विद्यालय सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | एकैचोटि वार्षिक नतिजा प्रकाशन गर्ने समयमा | ३ | ५० |
| २ | प्रत्येक महिनामा १ पटक | २ | ३३.३३ |
| ३ | विद्यालयले लिने प्रत्येक परीक्षा (त्रैमासिक, अर्धवार्षिक, वार्षिक) पश्चात् | २ | ३३.३३ |

स्रोत : स्थलगत अध्ययन, २०७० ।

उपर्युक्त तालिकाअनुसार सबैभन्दा बढी ५० प्रतिशत विद्यालयले वार्षिक परीक्षाफल प्रकाशन गर्ने समयमा मात्र विद्यार्थीको उपलब्धि र प्रगति विवरण अभिभावकलाई उपलब्ध गराउने गरेको देखिन्छ । मासिक रूपमा यस्तो विवरण अभिभावकलाई उपलब्ध गराउने विद्यालय ३३.३३% रहेका छन् भने ३३.३३% विद्यालयले हरेक परीक्षा (त्रैमासिक, अर्धवार्षिक र वार्षिक) पश्चात् यस्तो विवरण अभिभावकलाई उपलब्ध गराउने गरेको देखिन्छ ।

हरेक परीक्षापछि विद्यार्थीको प्रगति विवरण अभिभावकलाई उपलब्ध गराई विद्यार्थीको नतिजा विश्लेषण गर्नु आवश्यक देखिन्छ । यसो गर्नाले अभिभावकलाई आफ्ना बालबालिकाको शैक्षिक अवस्थाको यथार्थ स्थिति बोध हुन्छ । शिक्षकलाई विद्यार्थीका कमजोरीको विश्लेषण गरी शिक्षण योजना निर्माण गर्न सघाउ पुग्दछ । विद्यार्थीका समस्या समयमै अवगत भई सिकाइउपलब्धि वृद्धि गर्न र पाठ्यक्रम कार्यान्वयनको वास्तविक स्थिति आँकलन गर्न सहयोग पुर्‍याउँछ ।

### ४.१.९. पाठ्यक्रम तथा शिक्षक निर्देशिकाको उपलब्धता र प्रयोग

शिक्षण सिकाइ कार्यलाई मार्गनिर्देश गर्नका लागि राष्ट्रियस्तरमा निर्मित मूल दस्तावेज नै पाठ्यक्रम हो । पाठ्यक्रमका आधारमा पाठ्यपुस्तक र पाठ्यपुस्तकमा समावेश भएका विषयवस्तु शिक्षण गर्नका लागि सहयोग पुर्‍याउन शिक्षक निर्देशिका तयार पारिएको हुन्छ । पाठ्यपुस्तक विद्यार्थीका लागि तयार पारिएको सामग्री हो भने पाठ्यक्रम र शिक्षक निर्देशिका शिक्षकका लागि तयार गरिएका

हुन् । पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिका शिक्षणका लागि अनिवार्य सामग्री हुन् । तीनै वटा सामग्रीहरूलाई उचित प्रयोग गर्न सकेमा पाठ्यक्रमको कार्यान्वयन निश्चित रूपमा प्रभावकारी हुन्छ । त्यसैले यी सामग्रीहरूलाई विद्यालयमा समयमै उपलब्ध गराई तिनीहरूको उचित प्रयोग गर्नु पर्दछ । पाठ्यक्रम र शिक्षक निर्देशिका यति महत्त्वपूर्ण हँदाहुँदै पनि विद्यालयहरूमा कमै मात्रामा मात्र यिनको प्रयोग हुने गरेको पाइन्छ । कतिपय विद्यालयहरूमा त शिक्षण सामग्रीका रूपमा पाठ्यपुस्तक मात्र उपलब्ध रहेको पाइन्छ । नमुना छनोट गरिएका विद्यालयहरूमा पाठ्यक्रम र शिक्षक निर्देशिकाको उपलब्धता तथा प्रयोगको अवस्थासम्बन्धी तथ्यलाई निम्नअनुसार व्याख्या र विश्लेषण गरिएको छ ।

### ४.१.९.१. पाठ्यक्रमको उपलब्धता र प्रयोग

पाठ्यक्रम सिकाइको बृहत्  योजना हो । यसकै आधारमा सम्पूर्ण शैक्षिक क्रियाकलापहरू सञ्चालन गरिन्छ । राष्ट्रको शिक्षा नीति र शिक्षण सिकाइ प्रक्रियाको मूल आधार नै पाठ्यक्रम हो । यसले सम्पूर्ण शैक्षिक क्रियाकलापको मार्गनिर्देश गर्दछ । अतः शिक्षण सिकाइमा यसको उपलब्धता एवम् प्रयोग अपरिहार्य र अनिवार्य छ । यसै तथ्यलाई मनन् गर्दै नमुना छनोट गरिएका विद्यालयका प्र.अ. तथा शिक्षकहरूलाई भराइएका प्रश्नावलीका आधारमा प्राप्त पाठ्यक्रमको उपलब्धता र प्रयोग सम्बन्धी प्रतिक्रियालाई निम्नअनुसार तालिकामा उल्लेख गरिएको छ ।

तालिका १२ : पाठ्यक्रमको उपलब्धता र प्रयोगको स्थिति

| क.स. | विवरण | प्र.अ. | | शिक्षक | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १ | पाठ्यक्रमका आधारमा शिक्षण गर्ने गरिएको छ | ३ | ५० | ३ | ५० |
| २ | विरलै प्रयोग हुने गरेको छ | १ | १६.६७ | १ | १६.६६ |
| ३ | विद्यालयमा उपलब्ध छैन अब किनेर ल्याउनु पर्ला | - | - | १ | १६.६७ |
| ४ | पाठ्यक्रम ल्याएको त हो तर अहिले कता पर्‍यो | - | - | १ | १६.६७ |
| ५ | शिक्षकलाई दिइएको थियो, उहाँकै घरमा होला | २ | ३३.३३ | - | - |
| | जम्मा | ६ | १०० | ६ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७० ।

उल्लिखित तालिकाअनुसार नमुना छनोट गरिएका विद्यालयका ५०% शिक्षक र प्र.अ.ले पाठ्यक्रमकै आधारमा शिक्षण गर्ने गरिएको प्रतिक्रिया दिएका छन् । पाठ्यक्रमको प्रयोग विरलै मात्र हुने गरेको धारणा व्यक्त गर्ने प्रधानाध्यापक र शिक्षकको सङ्ख्या पनि समान १६.६७% रहेको छ ।

१६.६७% शिक्षकले विद्यालयमा उपलब्ध छैन, अब किनेर ल्याउनु पर्ला भन्ने धारणा राखेका छन् । ल्याएको त हो तर अहिले कता पऱ्यो भनी १६.६७% शिक्षकले प्रतिक्रिया दिएका छन् । ३३.३३% प्रधानाध्यापकले शिक्षकलाई दिइएको थियो, उहाँकै घरमा होला भन्ने हचुवा प्रतिक्रिया दिएका छन् । यस तथ्याङ्कले नमुना छनोट गरिएका विद्यालयहरूमा पाठ्यक्रमको उपलब्धता र प्रयोगको स्थिति सकारात्मक रहेको देखाउँदैन । विद्यालयमा यस्तो अवस्था हुनु राम्रो मानिँदैन किनकि शिक्षण सिकाइ प्रक्रियाको मूल दस्तावेज नै पाठ्यक्रम हो । यसैका आधारमा पाठ्यपुस्तक तयार पार्ने, शिक्षण सिकाइ क्रियाकलाप निर्धारण र सञ्चालन गर्ने, विद्यार्थी मूल्याङ्कन गर्ने आदि सबै शैक्षिक क्रियाकलाप सञ्चालन गरिन्छ । तसर्थ पाठ्यक्रम नै सिकाइउपलब्धि हासिल भए/नभएको मूल्याङ्कन गर्ने मूल आधार हो । पाठ्यक्रमले निर्दिष्ट गरेका सिकाइउपलब्धि हासिल गराउनु नै विद्यालयहरूको एक मात्र ध्येय हो । यसका लागि विद्यालयमा पाठ्यक्रमको सहज उपलब्धता र शिक्षकद्वारा त्यसको व्यापक प्रयोग हुनु वाञ्छनीय देखिन्छ ।

### ४.१.९.२. शिक्षक निर्देशिकाको उपलब्धता र प्रयोग

शिक्षक निर्देशिका मूलतः शिक्षकलाई शिक्षण गर्न थप सहयोग पुऱ्याउने अभिप्रायले तयार पारिएको पाठ्यसामग्री हो । यसले शिक्षकलाई शिक्षण कार्य गर्न सहयोग गर्दछ । यसले कुनै पनि विषयवस्तुको शिक्षण गर्दा उद्देश्य निर्धारण गर्न, शैक्षिक सामग्रीहरू चयन गर्न, शिक्षण क्रियाकलाप निर्धारण गर्न र मूल्याङ्कनका उपयुक्त विधि अवलम्बन गर्न शिक्षकलाई पूर्ण रूपमा सहयोग पुऱ्याउँछ । तसर्थ हरेक विद्यालयमा शिक्षक निर्देशिकाको उपलब्धता र प्रयोग अनिवार्य छ । यस सम्बन्धमा नमुना छनोट गरिएका विद्यालयका प्र.अ. तथा शिक्षकहरूलाई भराइएका प्रश्नावलीका आधारमा प्राप्त प्रतिक्रियालाई निम्नअनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका १३ : शिक्षक निर्देशिकाको उपलब्धता एवम् प्रयोगको अवस्था

| क्र.स. | विवरण | प्र.अ. | | शिक्षक | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १ | शिक्षक निर्देशिका पर्याप्त मात्रामा उपलब्ध रहेको र प्रयोग हुने गरेको अवस्था छ । | ३ | ५० | ३ | ५० |
| २ | विद्यालयमा उपलब्ध छैनन् । | १ | १६.६७ | १ | १६.६७ |
| ३ | विद्यालयमा मुस्किलले एउटा वा दुई वटा मात्र उपलब्ध छन् | २ | ३३.३३ | २ | ३३.३३ |

स्रोत : स्थलगत सर्वेक्षण, २०६८ ।

उल्लिखित तालिकाअनुसार नमुना छनोट गरिएका विद्यालयका ५०% शिक्षक र प्र.अ.हरूले विद्यालयमा पर्याप्त मात्रामा शिक्षक निर्देशिकाहरू उपलब्ध रहेको र तिनको प्रयोग पनि हुने गरेको प्रतिक्रिया दिएका छन् । शिक्षक निर्देशिकाहरू नै उपलब्ध छैनन् भनी १६.६७% शिक्षक र प्र.अ.हरूले प्रतिक्रिया दिएका छन् । विद्यालयमा मुस्किलले एउटा वा दुई वटा मात्र शिक्षक निर्देशिकाहरू उपलब्ध छन् भनी प्रतिक्रिया दिने शिक्षक तथा प्र.अ.हरू ३३.३३% रहेका छन् । यसबाट सबै विद्यालयमा शिक्षक निर्देशिकाको उपलब्धता नभएको र प्रयोग न्यून रहेको देखिन्छ । शिक्षकका लागि नभइ नहुने शिक्षक निर्देशिका विद्यालयमा मुस्किलले एउटा वा दुई वटा मात्र हुनुले शिक्षण सिकाइ क्रियाकलाप पाठ्यक्रम निर्देशित नभएको निष्कर्ष निकाल्न सकिन्छ ।

शिक्षक निर्देशिका शिक्षकको मित्र हो । यसले पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि पूरा गराउन केके क्रियाकलाप गराई कसरी शिक्षण गर्ने भन्ने दिशानिर्देश गर्दछ । वार्षिक कार्ययोजना तथा दैनिक पाठयोजना तयार पार्न र प्रभावकारी शिक्षण गरी विद्यार्थीको उपलब्धि स्तरमा सुधार ल्याएर पाठ्यक्रमलाई सफल पार्न सहयोग गर्दछ । अतः विद्यालयहरूमा यसको उपलब्धता र प्रयोगलाई प्राथमिकता दिनुपर्ने देखिएको छ ।

पाठ्यक्रमका विभिन्न नमुनाहरू प्रचलनमा रहेका छन् । जसमध्ये Organizational Development (ODM) ले कुनै पनि पाठ्यक्रम विकास, कार्यान्वयन एवम् सुधार गर्दा सरोकारवालाहरूको उचित सहभागिता र सहकार्य हुन आवश्यक ठानेको छ । समूह र अन्य समूहबीचको अन्तर्क्रिया हुनुपर्दछ भनेको छ । सहकार्यको संस्कृतिलाई सम्पूर्ण प्रणालीभित्र आत्सात गर्नु आवश्यक ठह-याएको छ । कार्यक्रम प्रमुखले सहजकर्ताका रूपमा कार्य गरी परिवर्तनलाई सकारात्मक रूपमा आत्मसात गर्नु आवश्यक ठानेको छ । तर नेपालको सन्दर्भमा पाठ्यक्रम निर्माण गर्दा सरोकारवालाहरूको उचित सहभागिता र सहकार्यको अभाव रहेको छ । स्थानीय आवश्यकतामा आधारित भएर पाठ्यक्रम निर्माण नभई केन्द्रबाट एकै किसिमको पाठ्यक्रम निर्माण गरी देशभर लागु गर्ने प्रचलन रहेको छ । विविध सांस्कृतिक विविधता भएको नेपालको परिवेशमा सिर्जनात्मक कला विषयको पाठ्यक्रम स्थानीय परिवेश र आवश्यकतामा आधारित हुनुपर्नेमा त्यस्तो देखिँदैन ।

## ४.२. सिर्जनात्मक कला विषयको पाठ्यक्रम कार्यान्वयनमा देखिएका समस्याहरू

बालबालिकाहरूमा रहेका अन्तर्निहित प्रतिभा, अनुभव, सिर्जनाजस्ता कुराहरूलाई दृश्यकला र सङ्गीत कलाको माध्यमबाट अभिव्यक्त गरिने कलालाई नै सिर्जनात्मक कला भनिन्छ । यस विषयको माध्यमबाट बालबालिकाहरूले आफ्नो अनुभूति, अनुभव, सिर्जनालाई स्वतन्त्र र मौलिक रूपले

अभिव्यक्त गर्न सक्ने बनाउनु यस विषयको मूल उद्देश्य रहेको छ । प्राथमिक तहमा सिर्जनात्मक कला विषयको पाठ्यक्रम कार्यान्वयनमा देखिएका समस्याहरू पहिचान गर्नु यस अनुसन्धानको एक उद्देश्य हो । अनुसन्धानबाट यस विषयको पाठ्यक्रम कार्यान्वयनमा देखिएका समस्याहरूलाई निम्नअुनसार बेग्लाबेग्लै शीर्षकहरूमा राखी विश्लेषण र व्याख्या गरिएको छ ।

### ४.२.१. तालिम सञ्चालन

कुनै पनि विषयको पाठ्यक्रमलाई व्यावहारिक रूपमा प्रयोग गर्नका लागि शिक्षकहरू योग्य, सक्षम र तालिम प्राप्त हुनु जरुरी छ । शैक्षिक जनशक्ति विकास केन्द्रको वार्षिक प्रतिवेदन अनुसार हाल नेपालमा ९८% प्राथमिक शिक्षकहरू तालिम प्राप्त छन् । तर अध्ययन स्रोतका रूपमा संलग्न गरिएका विद्यालयहरूको अवलोकन तथा अन्तर्वार्ताको परिणामलाई अध्ययन गर्दा सिर्जनात्मक कला पाठ्यक्रम कार्यान्वयनका लागि भनेर सम्बन्धित निकायहरूबाट हालसम्म छुट्टै किसिमको तालिम, गोष्ठी तथा सेमिनारहरू नगरिएको बुझिन्छ । यसकारण तालिम प्राप्त शिक्षकहरू नहुँदा सिर्जनात्मक कला विषयको पाठ्यक्रमलाई व्यावहारिक रूपमा प्रयोग गर्न कठिनाइ परेको देखिन्छ ।

### ४.२.२. शिक्षकहरूको प्राज्ञिक पृष्ठभूमि

यस अध्ययन स्रोतका रूपमा समावेश गरिएका सम्पूर्ण प्राथमिक शिक्षकहरू एसएलसी उत्तीर्ण र तालिम प्राप्त देखिन्छन् । तर सिर्जनात्मक कला विषयको अध्यापनका लागि कुनै पनि शिक्षकहरूको योग्यता नभएको देखिन्छ । साथै ती शिक्षकहरूलाई सम्बन्धित निकायहरूबाट तालिम प्रदान नगरिएका कारण प्राथमिक तहमा सिर्जनात्मक कला विषय महत्वपूर्ण हुँदाहुँदै पनि यसको व्यावहारिक प्रयोग हुन नसक्ने अवस्था देखिन्छ ।

### ४.२.३. शैक्षिक सामग्री निर्माण र प्रयोग

प्रस्तुत अध्ययन स्रोतका रूपमा समाविष्ट विद्यालयहरूको अवलोकन तथा अर्न्तवार्ताबाट प्राप्त सूचनाका आधारमा सिर्जनात्मक कला विषयमा समावेश भएका सम्पूर्ण विषयहरूका लागि शिक्षकहरूले स्थानीय उपलब्ध सामग्रीहरू (ढुङ्गाका टुक्रा, कागज, सिन्का, प्लास्टिकका टुक्रा, टिनका बट्टा आदि) तथा कम मूल्य पर्ने सामग्रीहरू जस्तै सियोधागो, कपडा, कैंची, रङ आदिलाई प्रयोगमा ल्याउने गरेको पाइए तापनि सिर्जनात्मक कला विषयभित्र समावेश गरिएको सङ्गीत विधाअन्तर्गत आवश्यक पर्ने सामग्रीहरूमध्ये विद्यालयहरूमा मादल मात्र उपलब्ध भएको पाइयो तर अन्य सामग्रीहरू जस्तैः हार्मोनियम, किबोर्ड, गितार तथा अन्य सङ्गीत साधनहरू किन्नका लागि न त राज्यतर्फबाट बजेट उपलब्ध गरिएको न त विद्यालयसँग किन्नका लागि समर्थ भएको पाइयो । अतः सामग्रीको अभाव तथा

दक्ष र तालिम प्राप्त शिक्षकहरूको अभावले उक्त विषयको पाठ्यक्रमको व्यावहारिक प्रयोग हुने कुरामा न्युन आशा गर्न सकिन्छ ।

### ४.२.४. पाठ्यक्रमको व्यावहारिक प्रयोगको अवस्था

प्राथमिक तहमा सिर्जनात्मक कला विषय विद्यार्थीहरूका लागि अत्यन्तै उपयोगी र व्यावहारिक विषय भए तापनि उक्त विषयलाई अध्यापन तथा पाठ्यक्रमलाई प्रयोगमा ल्याउनका लागि आवश्यक पर्ने योग्य, दक्ष र तालिम प्राप्त शिक्षकहरू कुनै पनि विद्यालयहरूमा देखिएन । उक्त विषयको पाठ्यक्रम प्रयोगका लागि दक्ष र तालिम प्राप्त शिक्षकहरू हुनुपर्ने कुरामा प्रत्येक विद्यालयहरूका शिक्षक, प्र.अ., स्रोतव्यक्ति तथा विद्यालय निरीक्षकले स्विकारेको भए तापनि विषयगत दक्ष शिक्षक नियुक्ति तथा व्यवस्थापनका लागि राज्यतर्फको छुट्टै नीति नभएको तथा उक्त विषय अध्यापनका लागि छुट्टै विशेष तालिमको व्यवस्था नभएका कारण प्राथमिक तहमा सिर्जनात्मक कला पाठ्यक्रमलाई व्यावहारिक रूपमा प्रयोग गर्नका लागि समस्या आएको देखिन्छ ।

### ४.२.५. निरीक्षण तथा अनुगमन

पाठ्यक्रमको व्यावहारिक प्रयोगका लागि निरीक्षण तथा अनुगमनको ज्यादै महत्वपूर्ण भूमिका हुन्छ । पाठ्यक्रम विकास केन्द्रले प्राथमिक कक्षाहरूमा सिर्जनात्मक कला विषयका लागि छुट्टै पाठ्यक्रमको निर्माण गरेको छ । तर विद्यालय तहका निरीक्षण तथा अनुगमनका लागि जिम्मा पाएका स्रोतव्यक्ति तथा विद्यालय निरीक्षकहरूको विद्यालयहरूमा निरीक्षण तथा अनुगमन अत्यन्त कम गर्ने गरेको तथा विद्यालयमा उपस्थित भएका बेला सिर्जनात्मक कला विषयको पाठ्यक्रम कार्यान्वयनमा देखिएका समस्याहरू शिक्षकहरूले राख्दा उहाँहरू स्वयम् यस विषयमा उदासिन भएको कुरा विद्यालयका शिक्षकहरू तथा प्र.अ.हरू बताउँछन् । त्यसै गरी विद्यालयका स्रोतव्यक्ति तथा वि.नि.हरूसँग यस विषयमा प्रश्न राख्दा हामी अनुकूल समयमा विद्यालयहरूको अनुगमन तथा निरीक्षणका लागि जाने गरेको र प्राथमिक तहमा सिर्जनात्मक कला विषयको पाठ्यक्रम प्रयोजनमा देखिएका समस्याहरू शिक्षकहरूले राख्ने गरेको तर उक्त समस्या समाधान गर्नका लागि आफ्ना तर्फबाट माथिल्लो निकायमा अनुरोध गर्न मात्र सकिने, योभन्दा बढी आफूले केही गर्न नसक्ने बताउँछन् । साथै उक्त विषयमा देखिएको समस्या समाधान गर्नका लागि आफू विज्ञ नभएका कारण आफ्नोतर्फबाट कुनै उपाय नभएको बताउँछन् । त्यसैले प्राथमिक तहमा सिर्जनात्मक कला विषय प्रयोजनका लागि अन्योलता उत्पन्न भएको देखिन्छ ।

### ४.२.६. स्थानीय पाठ्यक्रमको व्यवस्था

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०६३ अनुसार पाठ्यक्रममा ८०% विषयवस्तु राष्ट्रिय पाठ्यक्रममा आधारित विषयवस्तुहरू समावेश हुनुपर्ने र बाँकी २०% विषयवस्तु स्थानीय विषयवस्तुलाई समावेश

गरेर राख्न पाइने व्यवस्था छ । तर शिक्षकहरू स्थानीय पाठ्यक्रम निर्माणका लागि सक्षम भए तापनि आफू स्वयम् सिर्जनात्मक कला पाठ्यक्रमको व्यावहारिक प्रयोगका लागि दक्ष र सक्षम नभएका कारण स्थानीय पाठ्यक्रमभित्र के विषयवस्तुहरू समावेश गर्ने सवालमा अन्योलमा परेको देखिन्छ ।

### ४.२.७. सम्बन्धित निकायको भूमिका

प्राथमिक तहमा सिर्जनात्मक कला पाठ्यक्रमको व्यावहारिक प्रयोगका लागि एकातर्फ विषय शिक्षणका लागि शिक्षकहरू योग्य छैनन् भने अर्कोतर्फ सम्बन्धित निकायहरूबाट शिक्षकहरूलाई तालिम प्राप्त बनाउने प्रयास भएको देखिँदैन । यसर्थ शिक्षकहरूलाई योग्य, सक्षम र तालिमप्राप्त बनाउने कुरामा सम्बन्धित निकायहरूको आँखा नखुलेसम्म यस विषयको व्यावहारिक प्रयोगका बारेमा कल्पना पनि गर्न सकिँदैन ।

## ४.३. विषयगत व्यावहारिकता

प्रस्तुत अनुसन्धानका लागि विद्यालय निरीक्षक, स्रोतव्यक्ति, प्रधानाध्यापक र विषयगत शिक्षकहरूसँग प्रश्नावली मार्फत धारणा सङ्कलन गरिएको थियो । उनीहरूका धारणालाई निम्नअनुसार उपशीर्षकमा प्रस्तुत गरिएको छ ।

### ४.३.१. शिक्षक तालिम र अनुभव

प्रस्तुत अनुसन्धानका लागि नमुना छनोटमा परेका शिक्षकहरूका अनुसार सिर्जनात्मक कला विषय सम्बन्धी तालिमको माग गर्दा समेत हालसम्म सम्बन्धित निकायबाट तालिमको व्यवस्थापन नभएको तथा आफूमा समेत यस विषयको दक्षता नभएकाले जसोतसो यस विषयको अध्यापनमा झारा टार्ने काम गर्दै आएको बताउँछन् । त्यसै गरी नुमना छनोटमा परेका विद्यालयका प्रधानाध्यापकहरूका अनुसार हालसम्म यस विषयको तालिमको व्यवस्था हुन नसकेको तथा विषयगत शिक्षक नियुक्तिको व्यवस्था समेत नभएकाले यस विषयको पठन पाठन व्यावहारिक रूपमा हुन नसकेको बताउँछन् । त्यसै गरी स्रोतव्यक्ति तथा विद्यालय निरीक्षकसँग प्रश्न गर्दा शिक्षकहरूबाट यस विषयको तालिमको माग भए तापनि सिर्जनात्मक कला विषयका लागि छुट्टै तालिमको व्यवस्था गर्न सकिएको छैन । विद्यालय अनुगमन गर्दा पनि सिर्जनात्मक कला विषयको पठनपाठनका सम्बन्धमा कुनै निर्देशन दिन सकिएको कुरा बताउँछन् ।

### ४.३.२. शैक्षिक सामग्रीको निर्माण, सङ्कलन र व्यवस्थापन प्रक्रिया

विद्यालयहरूमा सिर्जनात्मक कला विषयका शैक्षिक सामग्रीको निर्माण, सङ्कलन र व्यवस्थापनका सन्दर्भमा शिक्षक तथा प्रधानाध्यापकहरूलाई प्रश्न गर्दा यस विषयसँग सम्बन्धित

केही शैक्षिक सामग्रीहरू स्थानीय तवरबाटै उपलब्ध हुने भए पनि सङ्गीत विधाका लागि आवश्यक सामग्रीहरूको खरिद गर्ने बजेट नभएको, उक्त विषयका लागि स्थानीय सामग्रीको प्रयोग गर्न पनि नसकिने, हालसम्म सिर्जनात्मक कला विषयका लागि स्थानीय पाठ्यक्रमको अंश निर्माण गर्न समेत नसकेको तथा शिक्षकहरूमा पनि ती सामग्री प्रयोग गर्ने सीप नभएको हुँदा सङ्गीत विधाका लागि आवश्यक सामग्रीहरू विद्यालयमा उपलब्ध हुन नसकेको बताउँछन् । स्रोतव्यक्ति र विद्यालय निरीक्षक सिर्जनात्मक कला विषयका लागि शैक्षिक सामग्री निर्माण तथा खरिदका लागि विद्यालयहरूलाई छुट्टै बजेटको व्यवस्थान नभएको बताउँछन् ।

### ४.३.३. पाठ्यक्रमको व्यावहारिक प्रयोग

राष्ट्रिय स्तरमा सिर्जनात्मक कला विषयको पाठ्यक्रम निर्माण हुने गरेकाले सबै क्षेत्रमा त्यसको व्यावहारिक प्रयोग हुन सकेको छैन । पाठ्यक्रम लागू गरिए पनि उक्त विषयसँग सम्बन्धित शिक्षकको व्यवस्थापन पनि हुन सकेको छैन । शिक्षकहरूका लागि तालिमको व्यवस्था हुन नसकेका कारण यस विषयको पाठपाठनमा झारा टार्ने काम मात्र भइरहेको कुरा विद्यालयका शिक्षक तथा प्रधानाध्यापकहरू बताउँछन् । त्यसै गरी विद्यालयमा विषयगत दक्ष शिक्षक नभएको तथा तालिमको व्यवस्था पनि गर्न नसकिएका कारण यस विषयको पाठ्यक्रमलाई व्यावहारिक रूपमा प्रयोगमा आउन नसकेको कुरा स्रोतव्यक्ति र विद्यालय निरीक्षक बताउँछन् ।

### ४.३.४. पाठ्यक्रम प्रयोगमा शिक्षक तथा अन्य निकायहरूको भूमिका

सिर्जनात्मक कला विषयको पाठ्यक्रम प्रयोगका सम्बन्धमा आफ्नो जिम्मेवारी भए तापनि आफूसँग उक्त विषयको ज्ञान नभएको तथा तालिमसमेत नभएका कारण यस विषयको पाठ्यक्रमलाई व्यावहारिकता दिन नसकिएको शिक्षकहरू बताउँछन् भने शैक्षिक सामग्री खरिदका लागि बजेटको अभाव तथा प्रयोग गर्नसक्ने दक्ष शिक्षकको अभाव भएका कारण यस विषयको पाठ्यक्रम प्रयोगका निमित्त आफ्नो तर्फबाट उल्लेख्य भूमिका निर्वाह गर्न नसकिएको कुरा प्रधानाध्यापकहरू बताउँछन् । त्यसै गरी सिर्जनात्मक कला विषय अध्यापन गर्ने शिक्षकहरूलाई तालिमको आवश्यकता महसुस भएकाले यसका लागि सम्बन्धित निकायहरूमा अनुरोध गर्ने कुरा स्रोतव्यक्ति तथा विद्यालय निरीक्षक बताउँछन् ।

### ४.३.५. निरीक्षण तथा अनुगमन

विद्यालय निरीक्षण र अनुगमनका लागि स्रोतव्यक्ति र विद्यालय निरीक्षकहरू उतिसारो नआउने तथा आइहाले पनि सिर्जनात्मक कला विषयसँग सम्बन्धित समस्याहरू राख्दा खासै चासो नदिएको शिक्षक तथा प्रधानाध्यापकहरू बताउँछन् भने विद्यालयमा निरीक्षण तथा अनुगमनका लागि आफूहरू जाने गरेको तर सिर्जनात्मक कला विषयको पाठ्यक्रम कार्यान्वयनका लागि एकातर्फ

विद्यालयहरूमा दक्ष र तालिमप्राप्त शिक्षहरू नभएको तथा उक्त पाठ्यक्रम कार्यान्वयनका लागि हालसम्म कार्यालयका तर्फबाट कुनै तालिमहरू सञ्चालन गर्न नसकिएका कारणले निरीक्षण तथा अनुगमनमा कडाइ गर्न नसकिएको स्रोतव्यक्ति तथा विद्यालय निरीक्षकहरू बताउँछन् ।

# परिच्छेद पाँच

# सार संक्षेप, निष्कर्ष र उपयोगिता

ताप्लेजुङ जिल्लाका फुङलिङ र दोखु गाविसका ६ वटा विद्यालयहरूलाई नमुनाका रूपमा छनोट गरी गरिएको प्रस्तुत प्राथमिक तहमा सिर्जनात्मक कला विषयको पाठ्यक्रम कार्यान्वयनको अवस्था शीर्षकको शोध अध्ययनका प्राप्ति, निष्कर्ष र सुझावहरूलाई निम्न अनुसार उल्लेख गरिएको छ ।

## ५.१. सार संक्षेप

क) सिर्जनात्मक कला विषयको पाठ्यक्रम कार्यान्वयनको अवस्था सम्बन्धी सार संक्षेप

१. राष्ट्रिय पाठ्यक्रमले निर्धारण गरेबमोजिम नै विद्यालयहरूमा सिर्जनात्मक कला विषयको पठनपाठनका लागि दैनिक कार्यतालिका निर्माण गरिएको पाइयो ।

२. नमुना छनोट गरिएका ६ वटा विद्यालयमध्ये सिर्जनात्मक कला विषयको पाठ्यक्रममा समाविष्ट विधाहरूमध्ये नृत्य, गायन, वादन र हस्तकलामध्ये सबै विधाको ज्ञान रहेका शिक्षकहरू दुई वटा विद्यालयमा मात्र उपलब्ध रहेको पाइयो ।

३. नमुना छनोट गरिएका ६ वटा विद्यालयमध्ये सिर्जनात्मक कला विषयको पठनपाठनका लागि आवश्यक तालिमप्राप्त शिक्षक जम्माजम्मी एउटा विद्यालयमा मात्र रहेको देखियो ।

ख) सिर्जनात्मक कला विषयको पाठ्यक्रम कार्यान्वयनमा देखिएका समस्याहरू सम्बन्धी सार संक्षेप

१. नमुना छनोटमा परेका शतप्रतिशत विद्यालयले वार्षिक कार्यतालिका, दैनिक कार्यतालिका र विद्यालय सुधार योजना निर्माण गर्नेगरेको पाइयो ।

२. अध्ययनमा संलग्न विद्यालयहरूमध्ये ६६.६६ प्रतिशत शिक्षकले वार्षिक कार्ययोजना निर्माण गर्ने गरेको पाइयो भने सोको कार्यान्वयन गर्ने शिक्षक ५० प्रतिशत मात्र रहेको पाइयो ।

३. ३३.३३ प्रतिशत शिक्षकले वार्षिक कार्ययोजना निर्माण गर्दै नगरेको देखियो । यस्तै ३३.३३ प्रतिशत शिक्षकले एकाइ योजना निर्माण गर्ने गरेको र १६.६६ प्रतिशत शिक्षकले मात्र उक्त योजना कार्यान्वयन गर्ने गरेको पाइयो । ६.६६ प्रतिशत शिक्षकले यस्तो योजना निर्माण र कार्यान्वयन गर्ने गरेको पाइएन ।

४. बहुसङ्ख्यक (६६.६६%) शिक्षकले आफूले अध्यापन गर्ने विषयको दैनिक पाठनोट निर्माण गर्ने गरेको पाइएन । दैनिक पाठनोट तयार गर्ने शिक्षक ३३.३३ प्रतिशत र सोको कार्यान्वयन गर्ने शिक्षक १६.६६ प्रतिशत मात्र रहेको पाइयो ।

५. शतप्रतिशत विद्यालय शिक्षा नियामावलीले किटान गरेअनुसार खुल्ने गरेको पाइयो । शैक्षिक सत्र २०७० मा सबैभन्दा धेरै दिन खुलेको विद्यालय बालमन्दिर प्रा.वि. (२३३ दिन) देखियो भने सबैभन्दा कम खुलेको विद्यालय महेन्द्र नि.मा.वि. र चारपाटे प्रा.वि. (२२० दिन) देखिए ।

६. विद्यार्थीको औसत उपस्थिति सबैभन्दा बढी विद्यालय भानुजन उच्च मा.वि. र मेवाराजा नि.मा.वि. (१३६ दिन) मा रहेको पाइयो ।

७. छनोट गरिएका विद्यालयहरूमा स्रोतव्यक्तिबाट सबैभन्दा धेरै पटक बालमन्दिर प्रा.वि.मा निरीक्षण तथा अनुगमन भएको देखियो ।

८. प्राथमिक तहमा सिर्जनात्मक कला विषय अध्यापन गर्ने शिक्षकहरूको प्राज्ञिक पृष्ठभूमि एसएलसी मात्र रहेको र शतप्रतिशत शिक्षकले सेवाकालीन १० महिने तालिम लिएको पाइयो ।

९. नमुना छनोट गरिएका सबै विद्यालयमा शिक्षणमा शैक्षणिक सामग्रीको प्रयोग हुने गरेको देखियो । तथापि शिक्षणमा शैक्षणिक सामग्रीहरूको पर्याप्तता भने देखिएन ।

१०. विद्यालयहरूमा प्रयोग हुने अधिकांश शैक्षिक सामग्री स्थानीय स्तरमा उपलब्ध हुने सामग्रीहरू नै रहेको पाइयो ।

११. सिर्जनात्मक कला विषयको शिक्षणका लागि शतप्रतिशत विद्यालयमा उपलब्ध रहेका सामग्रीमा मादल, चक्कु, भाँडाहरू, रङ, सियो-धागो र कपडा रहेको देखियो । कुनै पनि विद्यालयमा म्युजिक सिस्टम भने पाइएन ।

१२. ५० प्रतिशत विद्यालयले वार्षिक परीक्षाफल प्रकाशन गर्ने समयमा मात्र विद्यार्थीको उपलब्धि र प्रगति विवरण अभिभावकलाई उपलब्ध गराउने गरेको पाइयो । मासिक रूपमा यस्तो विवरण अभिभावकलाई उपलब्ध गराउने विद्यालय ३३.३३% रहेको पाइयो भने ३३.३३% विद्यालयले हरेक परीक्षा (त्रैमासिक, अर्धवार्षिक र वार्षिक) पश्चात् यस्तो विवरण अभिभावकलाई उपलब्ध गराउने गरेको पाइयो ।

१३. नमुना छनोट गरिएका विद्यालयका ५०% शिक्षक र प्र.अ.ले पाठ्यक्रमकै आधारमा शिक्षण गर्ने गरेको पाइयो । पाठ्यक्रमको प्रयोग विरलै मात्र गर्ने प्रधानाध्यापक र शिक्षकको सङ्ख्या पनि समान १६.६७% रहेको पाइयो । १६.६७% शिक्षकले विद्यालयमा उपलब्ध छैन,

अब किनेर ल्याउनु पर्ला भन्ने धारणा राखेको पाइयो । ल्याएको त हो तर अहिले कता पऱ्यो भनी प्रतिक्रिया दिने शिक्षक १६.६७% पाइए । ३३.३३% प्रधानाध्यापकले शिक्षकलाई दिइएको थियो, उहाँकै घरमा होला भन्ने हचुवा प्रतिक्रिया दिएको पाइयो ।

१४. ५०% शिक्षक र प्र.अ.हरूको प्रतिक्रिया विद्यालयमा पर्याप्त मात्रामा शिक्षक निर्देशिकाहरू उपलब्ध रहेको र तिनको प्रयोग पनि हुने गरेको पाइयो । शिक्षक निर्देशिकाहरू नै उपलब्ध छैनन् भनी प्रतिक्रिया दिने शिक्षक तथा प्र.अ.हरू १६.६७% पाइए । ३३.३३% शिक्षक तथा प्र.अ.हरूले विद्यालयमा मुस्किलले एउटा वा दुई वटा मात्र शिक्षक निर्देशिकाहरू उपलब्ध छन् भनी प्रतिक्रिया दिएको पाइयो ।

१५.हालसम्म सिर्जनात्मक कला विषयको छुट्टै शिक्षक तालिमको व्यवस्था नभएको तथा उक्त विषयको पाठ्यक्रम प्रयोग सम्बन्धमा अन्योलता तथा नैराश्यता उत्पन्न भएको पाइयो ।

## ५.२. निष्कर्ष

बालबालिकाहरूमा रहेका अन्तर्निहित प्रतिभा, अनुभव, सिर्जनाजस्ता कुराहरूलाई दृश्यकला र सङ्गीत कलाको माध्यमबाट अभिव्यक्त गरिने कलालाई नै सिर्जनात्मक कला भनिन्छ । सिर्जनात्मक कलाअन्तर्गत दृश्यकला (चित्रकला तथा हस्तकला) तथा सङ्गीत कला पर्दछ । चित्रकलाको विकास मानव सभ्यताको इतिहास तथा भाषाभन्दा पहिला भएको मानिन्छ । सबैले सजिलै बुझ्न र सबैलाई बुझाउन सकिने ‘भाषा’ भएकाले यसलाई ‘अन्तर्राष्ट्रिय भाषा’ पनि भनिन्छ । प्राथमिक तहमा सि.क. विषय समावेश गर्नुको प्रमुख उद्देश्य विद्यार्थीहरूको अन्तर्निहित प्रतिभालाई कलाको माध्यमबाट अभिव्यक्त गर्ने बानीको विकास गराउनु रहेको छ । प्राथमिक तहको कक्षा एकदेखि नै चित्रकला तथा हस्तकलाको कोर्स समावेश गरिएको छ । जसले उनीहरूमा सिर्जनशीलताको विकास गराउन, आत्मविश्वास जगाउन, मौलिक सोचाइ, खोजी गर्ने प्रवृत्तिमा विकास गराउन समेत मदत पुऱ्याउँछ । सि.क. यस्तो विषय हो जुन विषयमा विद्यार्थीहरू पूर्ण स्वतन्त्र र रमाएर सिक्न सक्छन् । यस विषयमा शिक्षकले विद्यार्थीहरूलाई यसरी नै लेख, यो रङ राख आदि भनेर आदेश दिनुको सट्टा उनीहरूलाई स्वतन्त्र रूपमा रङ र चित्रको प्रयोग गर्न दिनुपर्छ ताकि उनीहरूभित्र रहेको अन्तर्निहित प्रतिभा प्रस्फुटन होस् ।

पाठ्यक्रमले यस विषयका लागि कक्षा १ देखि कक्षा ५ सम्म एउटै शिक्षणसम्बन्धी व्यवस्था गरेको छ । जसअनुसार कक्षा १ देखि कक्षा ५ सम्म हप्तामा ३ घन्टी यो विषयले पाएको छ ।

सिर्जनात्मक कला विषय प्रयोगात्मक विषय भएका कारणले सबैभन्दा उपयुक्त शिक्षण विधि प्रयोग प्रयोगात्मक (Practical) नै हो । त्यसैले विद्यार्थीहरूलाई चित्रकलाको शिक्षण गर्दा अभ्यासमा नै जोड दिनु पर्छ । विद्यार्थीहरूको अन्तर्निहित प्रतिभा प्रस्फुटन गराउन स्वतन्त्रता दिनुपर्दछ । बालबालिकाहरूलाई जति बढी स्वतन्त्र भएर अभ्यास गर्न लगाइन्छ त्यति नै राम्रो प्रगति हुने हुँदा प्रयोगात्मक विधि नै सबैभन्दा उपयुक्त हुन्छ ।

दृश्यकला विधालाई अभिव्यक्तिको एक सशक्त माध्यमका रूपमा लिइन्छ । आजको आधुनिक युगमा यसको महत्व एवम् उपयोगिता दिनानुदिन बढ्दो छ । दृश्यकलाको सन्दर्भमा बालचित्रको महत्व अपरिहार्य छ । बालबालिकाहरूको बौद्धिक विकास तथा उनीहरूमा सिर्जनशीलता, अन्वेषण तथा रचनात्मक प्रवृत्तिको विकास गराउनका लागि दृश्यकला एक नभई नहुने विषयका रूपमा प्रमाणित भइसकेको छ । विद्यार्थीहरूमा निहित कलासम्बन्धी ज्ञानले माथिल्लो तहको पढाइलाई समेत सघाउनुका अतिरिक्त उनीहरूको व्यावहारिक जीवनमा पनि यसले ठूलो मदत पुऱ्याउँछ ।

गायन, वादन र नृत्यको सामूहिक नाम सङ्गीत हो । भोजन शारीरिक खुराक हो भने सङ्गीत मानसिक (मनोवैज्ञानिक) खुराक हो । पीर भुल्न र सुखमा आनन्द लिन सङ्गीतले ठूलो सघाउ पुऱ्याउँछ । मानिस र सङ्गीतबीच आत्मीय सम्बन्ध छ अर्थात् सङ्गीत मानवजीवनको अभिन्न अङ्ग हो । तराई, पहाड, हिमालका मन्दिर, देवालय, सहरका ठूलाठूला भवनसम्म सङ्गीत गुञ्जायमान भएकै छ । हिजोआज सञ्चारको प्रगतिसँगै रेडियो, क्यासेट, टेलिभिजन आदिबाट विभिन्न प्रकारका सङ्गीत प्रसारण भइरहेको पाइन्छ । यी सबै प्रकारका सङ्गीत बालबालिकाहरूको स्तरबमोजिमका छैनन् । त्यसैले बालकहरूलाई सानै उमेरदेखि आफ्नो कला र संस्कृतिप्रति अभिरुचि जगाई त्यसलाई संवर्द्धन हुने किसिमको र उनीहरूको स्तरबमोजिमको सङ्गीत दिनु अति आवश्यक छ ।

प्राथमिक तहको पाठ्यक्रममा स्थानीय क्षेत्रका केही विषयवस्तुहरू समावेश गरी पठनपाठन गराउने व्यवस्था भएअनुरूप यस विषयमा पनि स्थानीय क्षेत्रलाई समेट्ने उद्देश्य लिई केही अंश समावेश गर्ने व्यवस्था गरिएको छ । यस विषयको पाठ्यक्रममा स्थानीय क्षेत्रका विषयहरू (जस्तै : रेखाङ्कन र त्यसको प्रयोग, स्थानीय रङ र छपाइ कार्य, बुनाइ, निर्माण, स्थानीय लोकगीत, नृत्य, नाटक, बाजा आदि) लाई समेटेर पठनपाठन गराउन २० प्रतिशत पाठ्यांश छुट्याइएको छ । उपर्युक्त विषयवस्तुलाई समेटी स्थानीय तहमा पाठ्यक्रम निर्माण गरी अध्यापन गर्नुपर्ने छ ।

## ५.३. उपयोगिता

### क) नीतिगत तहका लागि उपयोगिता

१. पाठ्यक्रमले निर्धारण गरेका सिकाइउपलब्धिहरू विद्यार्थीमा हासिल हुने गरी विद्यालयहरूमा सिर्जनात्मक कला विषयको पठनपाठन गर्नुपर्ने देखिन्छ ।

२. विद्यालयहरूमा सिर्जनात्मक कला विषयको पाठ्यक्रममा समाविष्ट विधाहरूको ज्ञान तथा सीप भएका शिक्षकहरू नियुक्त गर्नुपर्ने देखिन्छ ।

३. सिर्जनात्मक कला विषयको पठनपाठनका लागि राष्ट्रिय, जिल्ला तथा स्थानीय स्तरमा शिक्षक तालिमहरूको आयोजना गर्नुपर्ने देखिन्छ ।

४. प्राथमिक तहमा अध्यापन गर्ने शिक्षकहरूको प्राज्ञिक पृष्ठभूमि अपर्याप्त देखिएकाले यसको पुनरावलोकन गर्नु आवश्यक देखिन्छ ।

५. यस विषयको अध्यापनमा संलग्न शिक्षकहरूकै आवश्यकताका आधारमा शिक्षक तालिमको व्यवस्था गर्नुपर्दछ ।

### ख) अभ्यास तहका लागि उपयोगिता

१. शिक्षकले अनिवार्य रूपमा आफूले शिक्षण गर्ने विषयको वार्षिक कार्ययोजना निर्माण र कार्यान्वयन गर्नुपर्दछ ।

२. शिक्षकले आफूले अध्यापन गर्ने विषयको दैनिक पाठनोट तयार गरी सोअनुरूप शिक्षण गर्नुपर्दछ ।

३. स्रोतव्यक्ति तथा विद्यालय निरीक्षकहरूले विद्यालयको अनुगमन तथा निरीक्षण गरी शिक्षकहरूको पेसागत समस्याप्रति उत्तरदायी हुनुपर्दछ ।

४. शिक्षणमा बढीभन्दा बढी शैक्षणिक सामग्रीहरूको प्रयोग हुनुपर्दछ ।

५. सिर्जनात्मक कला विषयको शिक्षणका लागि विद्यालयमा म्युजिक सिस्टम हुनुपर्दछ ।

६. हरेक आवधिक, मासिक, इकाइ परीक्षापछि अभिभावकलाई विद्यार्थीको प्रगति विवरण उपलब्ध गराउनु पर्दछ ।

७. शिक्षकले पाठ्यक्रम र शिक्षक निर्देशिकाको प्रयोग गरी शिक्षण गर्नु पर्दछ ।

**ग) अनुसन्धान तहका लागि उपयोगिता**

१. विद्यालयहरूमा सिर्जनात्मक कला विषयको पाठ्यक्रमको सान्दर्भिकता सम्बन्धमा बेग्लै अनुसन्धान गर्नुपर्ने देखिन्छ ।

२. सिर्जनात्मक कला विषय अध्यापन गर्ने शिक्षकहरूलाई तालिमको आवश्यकता सम्बन्धमा अनुसन्धान गर्नुपर्ने देखिन्छ ।

३. सिर्जनात्मक कला विषयमा विद्यार्थीको सिकाइउपलब्धिको विश्लेषण गर्नुपर्ने आवश्यकता देखिन्छ ।

४. सिर्जनात्मक कला विषयमा स्थानीय पाठ्यक्रमको कार्यान्वयनसँग सम्बन्धित बेग्लै अनुसन्धान गर्नुपर्ने देखिन्छ ।

५. स्थानीय शैक्षिक सामग्रीको निर्माण तथा प्रयोग सम्बन्धी खोज तथा अनुसन्धानको आवश्यकता देखिन्छ ।

# सन्दर्भसूची


अधिकारी, विष्णुप्रसाद (२०६४), *शैक्षिक निरीक्षण र नेपालको शैक्षिक प्रणाली,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

उपाध्याय, लोकनाथ (२०६१), *तनहुँ जिल्लाको प्राथमिक विद्यालयहरूको शैक्षिक उपलब्धिलाई प्रभाव पार्ने तत्त्वहरू एक अध्ययन (शोधपत्र),* काठमाडौँ : त्रिभुवन विश्वविद्यालयलय, शिक्षाशास्त्र सङ्काय, महेन्द्र रत्न क्याम्पस ।

खनाल, पेशल (२०६५), *शैक्षिक अनुसन्धान पद्धति,* काठमाडौं : स्टुटेन्टस् बुक्स ।

परीक्षा नियन्त्रण कार्यालय (२०६६), *स्वअध्ययन सामग्री,* भक्तपुर : लेखक ।

पाठ्यक्रम विकास केन्द्र (२०६५), *प्राथमिक शिक्षा पाठ्यक्रम,* भक्तपुर : लेखक ।

पोखेल, पूर्णचन्द्र (२०६५), *उच्च र न्यून आर्थिक स्तरका विद्यार्थीहरूको शैक्षिक उपलब्धिबीच तुलनात्मक अध्ययन (शोधपत्र),* काठमाडौँ : त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, महेन्द्ररत्न क्याम्पस ।

वाग्ले, मनप्रसाद (२०६५), *शिक्षाको परिचय,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

वाग्ले, मनप्रसाद र ढकाल, माधवप्रसाद (२०६९), *शिक्षाको परिचय,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, चिरञ्जीवी र निर्मला (२०६६), *शिक्षाका आधारहरू,* काठमाडौँ : एम.के. पब्लिसर्स एन्ड डिष्ट्रिब्युटर्स ।

शर्मा, रामप्रसाद (२०७०) *सिर्जनात्मक कला विषयको पाठ्यक्रम,* www.janamanch.com।

शिक्षा मन्त्रालय (२०६६), *नेपालको शैक्षिक झलक,* काठमाडौं : लेखक ।

शिक्षा मन्त्रालय (२०११), *नेपाल राष्ट्रिय शिक्षा समितिको रिपोर्ट,* काठमाडौँ : लेखक ।

शिक्षा मन्त्रालय (२०१८), *सर्वाङ्गीण राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन,* काठमाडौँ : लेखक ।

शिक्षा मन्त्रालय (२०२८), *राष्ट्रिय शिक्षा पद्धतिको योजना,* काठमाडौँ : लेखक ।

शिक्षा मन्त्रालय (२०४९), *राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन,* काठमाडौँ : लेखक ।

शिक्षा मन्त्रालय (२०६६), *विद्यालय क्षेत्र सुधार योजना,* काठमाडौँ : लेखक ।

शिक्षा विभाग (२०६४), *शिक्षा विभागद्वारा गरिएका अध्ययनहरूको प्रतिवेदन २०६३/६४,* भक्तपुर : लेखक ।

शिक्षा विभाग (२०६४/६५), *शिक्षा विभागद्वारा गरिएका अध्ययनहरूको प्रतिवेदन,* भक्तपुर : लेखक ।

Bamford, Anne and Wimmer, Michael (2012), *The Role of Arts Education in Enhancing School Attractiveness,* European Expert Network on Culture. , Irish National Teachers' Organisation.

Ornstein & Hunkins (2004) *Curriculum-Foundations, Principles and Issues,* USA : Pearson Education.

*The Implementation of the Creative Arts Curriculum in Secondary Schools in Nigeria* (2009) , An International Multi-Disciplinary Journal, Ethiopia *Vol. 3 (3), April, 2009*

Thompson, Christine Marme (2011) *International Journal of Education & the Arts*, U.S.A.: Pennsylvania State University.

# कार्यक्रम तालिका

| क.सं. | मिति | | कार्य विवरण | खर्च विवरण |
|---|---|---|---|---|
| | देखि | सम्म | | |
| १ | २०७०/११/१५ | २०७०/११/३० | तथ्याङ्क सङ्कलन | २,०००।- |
| | | | - क्षेत्रभ्रमण | |
| | | | - अन्तर्वार्ता | |
| | | | - कक्षा अवलोकन | |
| | | | - अभिलेख अध्ययन | |
| | | | - प्रश्नावली भराउने | |
| २ | २०७०/१२/०१ | २०७०/१२/०५ | तथ्याङ्क प्रशोधन | - |
| ३ | २०७०/१२/०६ | २०७०/१२/२४ | तथ्याङ्क विश्लेषण | - |
| ४ | २०७०/१२/२५ | २०७०/१२/३० | कम्प्युटर टाइप सेटिङ | ५,०००।- |
| | | | जम्मा | ७,०००।- |

# अनुसूची-१

## शिक्षकलाई सोधिएका प्रश्नहरू

शिक्षकको नाम : ..........................................................................................

विद्यालयको नाम : ......................................................................................

१. तपाइँले सिर्जनात्मक कला विषय अध्यापन गर्नुभएको कति वर्ष भयो ?

२. तपाइँबाहेक यो विषय अध्यापन गराउनु हुने अन्य शिक्षकहरू पनि हुनुहुन्छ ?

३. यो विषय अध्यापन सीपसम्बन्धी तपाइँको पूर्वअनुभव के छ ?

४. स्रोतकेन्द्र वा अन्य निकायहरूबाट यस विषयसम्बन्धी प्रशिक्षण प्राप्त गर्ने अवसर पाउनुभएको छ ?

५. यस विषयसँग सम्बन्धित आवश्यक सामग्रीहरू हालसम्म कसरी सङ्कलन गर्दै आउनु भएको छ ?

६. सामग्री सङ्कलन र निर्माण सम्बन्धी कार्यमा विद्यालय प्रशासनबाट सहयोग प्राप्त भइरहेको छ/छैन ?

७. सामग्रीहरूलाई पुन:प्रयोग गर्न सकिने गरी राख्ने व्यवस्था गर्नुभएको छ/छैन ?

८. स्थानीय उपलब्ध सामग्रीहरूलाई कसरी प्रयोगमा ल्याउँदै आउनुभएको छ ?

९. सामग्रीहरू निर्माण कार्यमा विद्यार्थीहरूको सहभागिता कस्तो छ ?

१०. सिर्जनात्मक कला पाठ्यक्रमभित्र तपाइँलाई अध्यापन गर्न सजिलो विधा कुन हो ?

११. गाह्रो विधा कुन हो र किन ?

१२. यो पाठ्यक्रमलाई कक्षा शिक्षणमा व्यावहारिक रूपमा प्रयोगमा ल्याउने उपाय तपाइँका विचारमा के होला ?

१३. तपाइँको विचारमा सिर्जनात्मक कला कस्तो विषय हो जस्तो लाग्छ ?

१४. यो विषयलाई व्यावहारिक बनाउन सम्बन्धित निकायहरूलाई के सुझाव दिनुहुन्छ ?

१५. तपाइँले लिनुभएको यस सम्बन्धी ज्ञान औपचारिक वा अनौपचारिक कस्तो हो ?

१६. तपाइँको यो विषयको शिक्षण कार्यबाट विद्यार्थीहरू सन्तुष्ट छन् ?

१७. तपाइँको यो विषयको शिक्षणबाट विद्यार्थीहरूले कत्तिको व्यावहारिक रूपमा प्रयोगमा ल्याउन सकेका छन् ?

१८. विद्यार्थीहरू र तपाइँले निर्माण गरेका सामग्रीहरूलाई कसरी व्यवस्थापन गर्ने आउनु भएको छ ?

# अनुसूची-२

## प्रधानाध्यापकलाई सोधिएका प्रश्नहरू

प्रधानाध्यापकको नाम : ……………………………………………………………

विद्यालयको नाम : …………………………………………………………………

१. तपाइँको विद्यालयमा सिर्जनात्मक कला विषय अध्यापन गराउँदै आउनु भएका शिक्षकहरू कति जना हुनुहुन्छ ?

२. के सबै शिक्षकहरू योग्य, दक्ष र तालिमप्राप्त हुनुहुन्छ ?

३. तपाइँको विचारमा प्राथमिक तहमा सिर्जनात्मक कला विषयको पाठ्यक्रम अनिवार्य छ ?

४. शिक्षकको यो विषयको शिक्षणप्रति तपाइँ सन्तुष्ट हुनुहुन्छ ?

५. शिक्षकहरूको शिक्षण कार्यबाट विद्यार्थीहरूले व्यवहारमा प्रयोग गरेको जस्तो लाग्छ ?

६. यो विषयको शिक्षण गर्न आवश्यक पर्ने सामग्रीहरू कसरी व्यवस्थापन गर्ने गरिएको छ ?

७. अन्य विषय र यो विषयको पाठ्यक्रममा के फरक महसुस गर्नुभएको छ ?

८. यो विषयको अध्यापन गर्ने शिक्षक कस्तो हुनु पर्ला ?

९. यो विषयसँग सम्बन्धित तालिम, गोष्ठी या सेमिनार हालसम्म कुनै निकायले सञ्चालन गरेको छ ?

१०. शिक्षकलाई यो विषयसँग सम्बन्धित तालिमको आवश्यकता महसुस गर्नुभएको छ ?

११. विशेषतः यस विषयभित्रको कुनचाहिँ विधाको तालिमको आवश्यकता छ ?

१२. यो विषयको पाठ्यक्रम लागू गर्न तपाइँले निर्वाह गर्नुपर्ने भूमिका निर्वाह गरेजस्तो लाग्छ ?

१३. यो विषयको पाठ्यक्रमलाई व्यावहारिक बनाउन शिक्षकलाई के सुझाव दिन चाहनुहुन्छ ?

१४. TPD तालिमका लागि अपेक्षा संकलन गर्दा शिक्षकहरूले यस विषयको तालिमको माग गर्दै आएका छन् कि छैनन् ?

१५. तपाइँको विचारमा अन्य विषयको तुलनामा यो विषयको शिक्षणप्रति शिक्षकहरूमा नैराश्यता बढ्नुका कारणहरू केके होलान् ?

१६. शिक्षकले कक्षाकोठामा यो विषयको शिक्षण वास्तविक रूपमा गर्छन् ?

१७. निर्माण गरिएका सामग्रीहरूलाई पुनः प्रयोगमा ल्याउन सकिने गरी संकलन गरेर राख्ने व्यवस्था छ कि छैन ?

१८. शिक्षकले स्थानीय स्तरमा पाइने सामग्रीहरूलाई कतिको प्रयोगमा ल्याउने गरेका छन् ?

१९. उक्त विषयको शिक्षण गर्न शिक्षकलाई ककसले कसरी कसरी सल्लाह, परामर्श र सहयोग गर्दै आएका छन् ?

२०. सिर्जनात्मक कला विषय शिक्षण गर्ने शिक्षक कत्तिको लगनशील, नियमित र क्रियाशील छन् ?

# अनुसूची-३

## स्रोतव्यक्तिलाई सोधिएका प्रश्नहरू

स्रोतव्यक्तिको नाम : ......................................................................

स्रोतकेन्द्रको नाम : ..........................................................................

१. तपाइँको स्रोतकेन्द्रभित्र कति वटा निजी तथा सार्वजनिक विद्यालयहरू छन् ?

२. स्रोतकेन्द्रभित्रका विद्यालयहरूप्रति तपाइँको जिम्मेवारी केके हुन् जस्तो लाग्छ ?

३. तपाइँ आफ्नो स्रोतकेन्द्रभित्रका विद्यालयहरूको निरीक्षण तथा अनुगमन गर्न महिनामा कति पटक जानुहुन्छ ?

४. निरीक्षणबाट प्राप्त जानकारीको आधारमा विद्यालयहरूका सबल र दुर्वल पक्षहरू केके पाउनुभएको छ ?

५. सबै विद्यालयहरूमा सबै विषयहरूमा दक्ष र तालिमप्राप्त शिक्षक छन् ?

६. तपाइँले आफ्नो स्रोतकेन्द्रभित्र हालसम्म कुन कुन विषयहरूको तालिम र गोष्ठीहरू सञ्चालन गर्नुभयो ?

७. तपाइँको स्रोतकेन्द्रभित्र सबै विषयहरूको दक्ष प्रशिक्षकहरू छन् ?

८. तपाइँको स्रोतकेन्द्रअन्तर्गतका विद्यालयहरूमा शिक्षकहरूलाई (खास गरी प्रा.वि.) कुन विषयको प्रशिक्षण दिन सबैभन्दा बढी आवश्यक ठान्नुहुन्छ ?

९. प्राथमिक तहका शिक्षकहरूको टीपीडी तालिम सम्बन्धी अपेक्षा माग गर्दा सिर्जनात्मक कला विषयको तालिमको आवश्यकता माग भएको छ कि छैन ?

१०. अन्य विषयको तुलनामा सिर्जनात्मक कला विषयको पाठ्यक्रमबीच के फरक पाउनु हुन्छ ?

११. विद्यालयहरूको निरीक्षण र अनुगमन गर्दा सिर्जनात्मक कला विषयलाई शिक्षकहरूले कत्तिको व्यावहारिक रूपमा प्रयोग गर्दै आएको पाउनुभएको छ ?

१२. यसलाई अझ व्यावहारिक बनाउन के गर्नुपर्ला ?

१३. सबै विद्यालयहरूमा सिर्जनात्मक कला विषय अध्यापन गर्ने शिक्षक योग्य, दक्ष, सक्षम र तालिम प्राप्त पाइयो ?

१४. यो विषय सम्बन्धी तालिम शिक्षकहरूलाई दिइएको भए के कक्षा शिक्षणको क्रममा प्रयोग भएको पाइयो ?

१५. शिक्षा मन्त्रालयले प्रत्येक विद्यालयहरूलाई शैक्षिक सामग्रीको निर्माण र खरिदको लागि निकासा गरेको रकम पूर्ण छ ?

१६. विद्यालय शिक्षकहरूले स्थानीय स्तरमा पाइने सामग्रीहरूलाई कतिको प्रयोगमा ल्याएको पाउनुभयो ?

१७. सिर्जनात्मक कला विषयको अध्यापनको लागि आवश्यक पर्ने साधनहरू पर्याप्त रहेछन् विद्यालयहरूमा ?

१८. यो विषयको अध्यापन गर्दा प्रयोग गरिएका साधनहरूको प्रयोगपछि यसलाई कसरी व्यवस्थित गर्ने गरेको पाउनुभयो ?

१९. यो विषयलाई व्यावहारिक बनाउन तपाइँ शिक्षकहरूलाई के सुझाव दिन चाहनुहुन्छ ?

२०. यो विषय शिक्षण गर्ने शिक्षकहरूलाई कतिको लगनशील, खोजमूलक, सिर्जनात्मक पाउनुभयो ?

# अनुसूची-४

## विद्यालय निरीक्षकलाई सोधिएका प्रश्नहरू

वि.नि.को नाम : ..........................................................................................

जि.शि.का.को नाम : ....................................................................................

१. विद्यालयहरूमा सिर्जनात्मक कला विषयको पठनपाठनको अवस्था कस्तो छ ?

२. सिर्जनात्मक कला विषयको पठनपान सम्बन्धी समस्याहरू केके रहेका छन् ?

३. विद्यालय निरीक्षण गर्दा सिर्जनात्मक कला विषयको कक्षा निरीक्षण गर्ने गर्नुभएको छ कि छैन ?

४. शिक्षकहरूले यस विषयसँग सम्बन्धित समस्या प्रस्तुत गर्छन् कि गर्दैनन् ?

५. स्रोतकेन्द्र तथा शैक्षिक तालिम केन्द्रहरूमा सिर्जनात्मक कला विषयको पठनपाठन सम्बन्धी तालिमहरू हुने गरेका छन् कि छैनन् ?

६. तपाइँलाई सिर्जनात्मक कला विषयका कुन विधा सजिला र कुन विधा गाह्रा लाग्छन्, किन ?

७. सिर्जनात्मक कला विषय अध्यापन गर्ने शिक्षकहरूको प्राज्ञिक पृष्ठभूमि कस्तो रहेको पाउनुभएको छ ?

८. सिर्जनात्मक कला विषय शिक्षण व्यावहारिक छ कि छैन ?

९. शिक्षकहरूले यस विषयको शिक्षण व्यवहारोमुखी बनाउने गरेका छन् ?

१०. विद्यालयहरूमा सिर्जनात्मक कला विषय अध्यापनका लागि के कस्ता शैक्षिक सामग्रीहरूको व्यवस्था गरेका पाउनुभयो ?

११. के ती सामग्रीहरू उक्त विषयको शिक्षणका लागि पर्याप्त होलान् ?

१२. विद्यालयहरूले ती सामग्रीहरू कसरी जुटाइरहेको पाउनुभयो ?

१३. ती सामग्रीको व्यवस्थापन र पुनः प्रयोगको अवस्था कस्तो रहेको छ ?

१४. शैक्षिक सामग्री खरिदका लागि मन्त्रालयबाट निकासा हुने रकम पर्याप्त होला ?

१५. शैक्षिक सामग्री निर्माण, प्रयोग र कक्षा व्यवस्थापनमा प्रधानाध्यापकहरूले शिक्षकहरूलाई कत्तिको सहयोग गर्ने गरेको पाउनुभयो ?

१६. सिर्जनात्मक कला विषयको पठनपाठनमा स्थानीय स्तरका सामग्रीहरूको प्रयोगको अवस्था कस्तो रहेको छ ?

१७. तपाइँका विचारमा यस विषयको शिक्षणलाई अझ व्यावहारिक बनाउन के गर्नुपर्ला ?

१८. शिक्षक तालिमका प्रशिक्षकहरू सिर्जनात्मक कला विषयको तालिम गराउन सक्षम रहेका छन् ?

१९. अन्य विषयको पाठ्यक्रम र सिर्जनात्मक कला विषयको पाठ्यक्रमबीच के फरक पाउनुभयो ?

२०. यो विषयलाई व्यावहारिक बनाउन सम्बन्धित व्यक्ति तथा निकायहरूलाई के कस्ता सुझाव दिनुहुन्छ ?